महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

२०७९

गोडैटा नगरपालिका

सर्लाही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(मधेश प्रदेश)

पत्र संख्याः २०७८।७९

च.नं. ४०५ मितिः २०७९।३।२१

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
गोडैटा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सर्लाही ।

कैफियत सहितको राय

हामीले गोडैटा नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।
२. लेखापरीक्षणबाट रू.१० करोड २१ लाख ७२ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू.२५ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ करोड ९ लाख ५८ हजार, नियमित गर्नुपर्ने रू.२ करोड ५९ लाख २३ हजार र पेश्की बेरुजु रु.१ करोड २७ लाख १६ हजार रहेको छ ।नगरपालिकाको गतवर्ष सम्म ४३ करोड ८४ लाख ९० हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट रु.२० लाख ९५ हजार भई यो वर्ष १० करोड २१ लाख ७१ हजार कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु ५३ करोड ८५ लाख ६७ हजार रहेको छ । **नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएको कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदमराज पौडेल)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

गोडैटा नगरपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रकम रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
१०१	१२७	१०२१७२	०	०	०	१०१	१२७	१०२१७२	२५७४	२५९२३	६०९५८	०	०	८६८८१	१२७१६

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रकम रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सर्लाही	४३८४९०	०	२०९५	४३६३९५	०	१०२१७२	५३८५६७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : गोडैटा नगरपालिका, सर्लाही , गोडैटा नगरपालिका , सर्लाही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Ramesh Prasad Yadav	२०७७-२-२९	हाल सम्म कार्यरत
लेखा प्रमुख	Rajanish Kumar Mishra	२०७६-२-२८	
		बेरुजु रकम	१०२,१७१,९२३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९,९४,३९,१६३.५२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४२,५६,०७,५४०	चालु खर्च	३७,६६,७२,२०५.४१
प्रदेश सरकारबाट अनुदान	२,०५,३०,०००	पूँजीगत खर्च	२१,२५,४०,२४७.२
राजश्व बाँडफाँट	८,७०,९४,५७८.६९	वित्तीय/अन्य व्यवस्था	१४,७७,७८,५६०
आन्तरिक आय	७३,७३,०७७.१२		
अन्य आय	१५,८२,९६,०७७.१		
कुल आय	६९,८९,०१,२७२.९१	कुल खर्च	७३,६९,९१,०१२.६१
बाँकी मौज्दात		६,१३,४९,४२३.८२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्धेश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६५ सभा सदस्य, ४८.६२ वर्ग किलोमिटर क्षेत्रफल तथा ४२३१५ जनसंख्या रहेको छ ।	
२			**संवैधानिक र कानूनी व्यवस्था** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ ।सोही अधिकार बमोजिम नगरपालिकाले कार्य गर्दै आएको छ ।	
३			**आर्थिक कारोवारको स्थिती** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय संचित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक बर्ष २०७७।७८ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:	

गोडैता नरपालिका, सर्लाही

वित्तीय प्रतिवेदन

२०७७।७८

	यस वर्ष रू.				गत वर्ष		
विवरण	बजेट	आफुले गरेको प्राप्ति र भुक्तानी	वस्तुगत सोझै भुक्तानी	जम्मा	आफुले गरेको प्राप्ति र भुक्तानी	वस्तुगत सोझै भुक्तानी	जम्मा
प्राप्ति (क+ख)	५६४५३०४७०.२५	५७१२८५११८.२७		५७१२८५११८.२७	४५०४९०४३८.९	०	४५०४९०४३८.९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
			क) प्रप्ति(संचितकोषमा आम्दानी बाँधिने)	५५०५६९५९०	५५४००२३९४.८२		५५४००२३९४.८२	४५०४९०४३८.९	०	४५०४९०४३८.९	
			११००० कर	९९९८२०५०	९२६५३१८८.१४		९२६५३१८८.१४	८३२९२४३८.९	०	८३२९२४३८.९	
			१३००० अनुदान	४५०५८७५४०	४६१३४९२०६.६८		४६१३४९२०६.६८	३६७१९८०००	०	३६७१९८०००	
			संघीय सरकार	४३००५७५४०	४४०८१९२०६.६८		४४०८१९२०६.६८	३४२६०००००	०	३४२६०००००	
			प्रदेश सरकार	२०५३००००	२०५३००००		२०५३००००	२४५९८०००	०	२४५९८०००	
			१४००० अन्य राजस्व	०	०	०	०	०	०	०	
			(ख) अन्य प्राप्ति	१३९६०८८०.२५	१७२८२७२३.४५		१७२८२७२३.४५	०	०	०	
			वितरण गर्न वाँकी राजस्व	०	०	०	०	०	०	०	
			कोषहरु	१३९६०८८०.२५	१७२८२७२३.४५		१७२८२७२३.४५	०	०	०	
			धरौटी	०	०	०	०	०	०	०	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	०	०	०	
			भुक्तानी(ग+घ)	६६२९४१४४७.४७	५९१८२९४९३.८		५९१८२९४९३.८	४३११२३१४९.१२		४३११२३१४९.१२	

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय									बेरुजु रकम
				ग. भुक्तानी (संचितकोषबाट)	६४८९८०५६७.२२	५८९२१२४५२.६१		५८९२१२४५२.६१	४३११२३१४९.१२		४३११२३१४९.१२		
				१०००० राजस्व तथा अनुदान	०	०	०	०	०	०	०		
				२१००० पारिश्रमिक सुविधा	५९८७२५४०	५६९२३०११.६		५६९२३०११.६	२५५६११२३		२५५६११२३		
				२२००० मालसमान तथा सेवाको उपयोग	३९०६९०००	३५७९६४१६.५		३५७९६४१६.५	६१९२८२५४		६१९२८२५४		
				२५००० सहायता	०	०	०	०	०	०	०		
				ब्याज सेवाशुल्क तथा बैंक कमिशन	०	०	०	०	०	०	०		
				२५००० सहायता	०	०	०	०	०	०	०		
				२६००० अनुदान	२७०७८९०००	२४१९९६२८३		२४१९९६२८३	१९७९३४१०६.०५		१९७९३४१०६.०५		
				२७००० सामाजिक सुरक्षा	८८००००००	६८७२०१२		६८७२०१२	२९९९३९०		२९९९३९०		
				२८००० अन्य	३५१५००००	३५०८४४८२.३१		३५०८४४८२.३१	२२८८३००		२२८८३००		

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय									बेरुजु रकम
				खर्च									
				३१००० गैर वित्तीय सम्पती। पूँजीगत खर्च	२३५३०००२७.२२	२१२५४०२४७.२		२१२५४०२४७.२	१४०४११९७६.०७		१४०४११९७६.०७		
				३३००० दायित्व	०	०	०	०	०	०	०		
				घ) अन्य भुक्तानी	१३९६०८८०.२५	२६१७०४१.१९		२६१७०४१.१९	४३११२३१४९.१२		४३११२३१४९.१२		
				कोषहरु	१३९६०८८०.२५	१००८६७५१		१००८६७५१	०	०	०		
				धरौटी	०	०	०	०	०	०	०		
				संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	०	०	०		
				ङ. यो वर्षको बचत(न्युन)	-९८४१०९७७.२२	-२०५४४३७५.५३		-२०५४४३७५.५३	१९३६७२८९.७८		१९३६७२८९.७८		
				च.गत वर्षको जिम्मेवारी रकम (अ.ल्या.)		-९८४१०९७७.२२		९८४१०९७७.२२	४५३१०८९४.५४		४५३१०८९४.५४		
				वर्षान्तको वाँकी रकम (ङ+च)		-९८४१०९७७.२२		७७८६६६०१.६९	६४६७८१८४.३२		६४६७८१८४.३२		
				बैक तथा नगद		७७८६६६०१.६९		७७८६६६०१.६९	६४६७८१८४.३२		६४६७८१८४.३२		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
			बाँकी								
४			**असुलीः लेखापरीक्षणको क्रममा** अग्रिम कर रु. १५,५१७.०० सामाजिक सुरक्षा रु. २१,२०,४२०.०० गरी कुल रु २१,३५,९३७.०० संघीय संचित कोष खातामा दाखिला भएको प्रमाण पेश भएको छ ।								
५			**सबै कारोबार नसमेटेको** कार्यालयले आर्थिक कारोवार संचालन गर्दा सूत्रको प्रयोग गरी आफ्नो कार्यालयबाट संचालन भएको सम्पूर्ण आर्थिक कारोवार (सामाजिक सुरक्षा भत्ता, सडक बोर्ड, युनिसेफ आदी) सूत्रमा प्राविष्टि गरी सो अनुसार म.ले.प.फा.नं २७२, र २७२ को सहायक अनूसूची-१ देखी २४ सम्म पूर्ण रुपमा तयार गरी वित्तीय विवरण तयार गर्नुपर्नेमा सो अनुसार सबै कारोवार सुत्रमा समावेश नभएको, त्यस्तै अनुसूचि १ देखी २४ सम्म बैक अनुसार बाँकी समेत राखी अनुसूची पूर्ण रुपमा तयार नगरेको आदी कारणबाट वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले कुल खर्च रु ७३६९९१०१२.६१ मध्ये रु १४५१६१५१८.८१ को कारोबार समेटेको देखिएन । तसर्थ यसमा भएका सबै कमजोरी सुधार गरी सबै आर्थिक कारोबारको यथार्थ चित्रण गर्न सक्ने बनाइनुपर्दछ ।								
६			**बढी जिम्मेवारी** स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आ.ब. २०७६/०७७ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ को अनुसूची १० मा सञ्चित कोष रु ६,४६,७८,१८४.३२ बाँकी मौज्दात रहेकोमा यो बर्षको सोही प्रतिवेदनको अनुसूची १० मा गत बर्षको जिम्मेवारी रु ९,८४,१०,९७७.२२ सारेको पाइयो । यसरी वित्तीय प्रतिवेदनमा रु ३,३७,३२,७९२.९० बढी जिम्मेवारी सारेको देखियो । यसरी जिम्मेवारी सार्दा रु १८७६०९२३.७४ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।								
७			**संघीय सञ्चित कोष फिर्ता** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ अनुसार संघीय एवं प्रदेश सशर्त अनुदानबाट प्राप्त रकम खर्च नभएको अवस्थामा संघीय संचितकोष एवं प्रदेश संचितकोषमा बाँकी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको संघीय सशर्त अनुदान रु.२८२७२३०८.०० र विशेष अनुदान रु ५००००००.०० संघीय संचित कोष खातामा मिति २०७८ चैत्रमा मा लेखापरीक्षणबाट औल्याएपछी मात्र फिर्ता गरेको छ। खर्च हुन नसकेको सशर्त अनुदान रकम समयमै फिर्ता गर्नुपर्दछ ।								

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**अन्य आय** पालिकाले यो बर्ष तयार गरेको एकिकृत बार्षिक आय व्यय विवरणमा नाम नामेसी नखुलेको तथा विभिन्न कर कट्टी दाखिला बाँकी भनी रु.६३२९५५६.८ उल्लेख गरेको छ । के वापतको आम्दानी हो प्रष्ट नखुलेकोले हिसाव मिलान प्रयोजनार्थ उक्त शीर्षकमा आम्दानी बाँधेको देखिन्छ । तसर्थ उक्त रकम सम्बन्धमा एकिन गरी हिसाव मिलान गर्नुपर्ने रु.	६,३२९,५५६.८
९			**फरक अन्तिम मौज्दात** पालिकाले हरेक आर्थिक बर्षको अन्त्यमा स्रेस्ताले देखाएको मौज्दात र बैंक विवरणले देखाएको मौज्दात बराबर नभएमा सो को कारण उल्लेख गरी बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । तर पालिकाले नयाँ आर्थिक बर्ष शुरु भएको केही दिनपछीको बैंक मौज्दातलाई लिएर स्रेस्तामा जिम्मेवारी सार्ने र बाँकी मौज्दात देखाउने गरेको पाइयो । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा देखाएको शुरु र अन्तिम मौज्दात तथा असार मसान्तको बैंक मौज्दातको विवरणमा निम्नानुसारको खातामा देहायअनुसार फरक रहेको पाइयो ।	

खाताहरु	एकिकृत आर्थिक विवरण अनुसार अन्तिम मौज्दात	बैंक विवरण अनुसारको अन्तिम मौज्दात
चालु खर्च खाता जोर बर्ष	३७०२६३२६.०२	६७४४०८३९.५९
पूँजिगत खर्च खाता जोर बर्ष	१५१८१८८०.	३३६४०४४६.
विविध खर्च खाता	-	३६५७९४४.९५
विविध कोष खाता	७४८५६८१.	-
धरौटी खाता	१७३८४५७.३	१८३३४५७.३
सञ्चित कोष खाता	७४९६.२	७४९६.२
प्रकोप व्यवस्थापन कोष	-	-
आन्तरिक राजस्व खाता	-	२९४३७५.४५
	-	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				बाँडफाँड प्राप्त राजस्व खाता		७९.४८		
				आन्तरिक अनुदान खाता	-	३२१०.		
				विविध बाँकी	३६५७९३४.९५	-		
				जम्मा	६,५०,९७,७७५.४७	१०,६८,७७,८४८.९७		
			उपर्युक्त तथ्याकंमा प्रकोप व्यवस्थापन कोष खाताको बैंक विवरण पूर्ण रुपमा प्राप्त हुन नसक्दा सो खाताको बैंक मौज्दात समावेश गरिएको छैन । एकिकृत आर्थिक विवरण र बैंक विवरणको तथ्याकं हेर्दा पालिकाले असार मसान्तमा बैंकले देखाएको मौज्दात रकममा नयाँ आर्थिक बर्ष शुरु भएपछी भएको केही दिनको कारोबार पश्चातको मौज्दात रकमलाई आ.ब.०७७/०७८ को अन्तिम मौन्दात मानेको देखिन्छ । यसरी नयाँ आर्थिक बर्षमा केही दिनको कारोबार पश्चात हिसाब मिलान गर्ने प्रवृत्तिमा सुधार गर्दै आर्थिक बर्षको अन्तिम दिनको मौज्दात रकमलाई लिएर देखिने फरक रकम सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ । कार्यालयले बैंक हिसाब मिलान विवरण तथा साट्न बाँकी चेकको विवरण लेखापरीक्षण समक्ष पेश गरेको छैन । उपर्युक्त तथ्याकंमा प्रकोप कोषको बैंक मौज्दात समावेश नगर्दा समेत फरक देखिएको रु ४,१७,८०,०७३.५ सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।					
१०			**आर्थिक कारोवारको अवस्था** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । • आर्थिक वर्ष २०७७।७८ मा भएको खर्चको चेक भुक्तानीको लागि आवश्यक रकम मूल संचित कोष खाताबाट कार्य संचालन खातामा सोही वर्षमा ट्रान्सफर गर्नुपर्नेमा पछिल्लो आ.व. २०७८।७९ मा समेत मूल संचित कोष खाताबाट रकम ट्रान्सफर गरेको छ । मूल संचित खाताबाट आषाढ मसान्त भित्रै आवश्यक रकम ट्रान्सफर गरी खर्चको लेखाङ्कन गर्नुपर्दछ । ऐनको व्यवस्था अनुसार वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।					
११			**आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालना**					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयको लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देहायका कमजोरी रही असर पर्ने देखिएको छ । अतः आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हनु सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ:- • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम वार्षिक खरिद योजना तयार नभएको, • कतिपय आयोजना नगर प्रमुखको तोकादेश बाट योजना स्वीकृत गर्ने गरेको, नगर सभाबाट स्वीकृत गर्नुपर्ने, • निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको , • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • वितरणमूखी कार्यक्रम संचालन गरेको, • पूँजिगत खर्चमा आयोजनाको प्राथमिकिकरण नभएको, • स साना योजनालाई प्राथमिकता दिएको, • नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको, • नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको । • भेरिएशन अभिलेख खाता (म.ले.प.फा.नं. ५०१) नराखेको । • आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको । • ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको । • ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको • जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको । • कोषहरुको कार्यविधि कानून नवनाएको, • उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको, • कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण नगरेको, • कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको, • संस्थागत क्षमता विकासमा उल्लेखनिय प्रगति नगरेको, • आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कार्य सम्पादन जमानीको मान्य अवधि नविकरण भएको नदेखिएको, • उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको, • चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरी खर्च गरेको, • राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको, • सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरेको • प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको, • विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको • अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको, • एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकीकृत लगत र निरीक्षण नगरेको, • लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको, • विविध खर्चमा नियन्त्रण नगरेको, कतिपय विविध खर्चको विलमा घरयासी प्रयोजनका खाद्यान्न सामानको प्रयोजन नखुलाई विल राखी भुक्तानी गरेको, • कार्यालयमा टेलिफोन नभएको भनी प्रयोजन नखुलाई निजी फोनमा रिचार्ज खर्च लेख्ने गरेको, • उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको, • अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको, • सवं प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको • उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको , • लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन नगरेको • जिन्सी खाता,बैक नगदी किताव, लेजर खाताहरु प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको, • आम्दानी तर्फको म.ले.प.फा.नं. १०४ देखि १०९ सम्म नराखेको, • म.ले.प.फा.नं.४०७ र ४०८ जिन्सी खाता अद्यावधिक नगरेको , • समयमा पेश्की फछ्र्यौट नगरेको, • केही उपशिर्षकमा बैंक नगदी किताब र आषाढको खर्चको फाटवारी नमिलेको • नियम बमोजिम खर्चको विल भरपाईको तेरिज, जोडजम्मा, प्रमाणिकरण,भुक्तानीको छाप र खर्चका यथेष्ट प्रमाण नरहेको, • ईन्धन खर्चको लगबुक नराखेको,	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>• कतिपय निजी सवारी साधन मर्मत खर्च भुक्तानी गरेको, नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>अनुमान र यथार्थ प्राप्तिको स्थिति
२०७७।०३।२४ को नगरसभाको वैठकले बजेट पारीत गरेको र आय व्ययको प्रक्षेपण गर्दा २०७५।७६ को यथार्थ, २०७६।७७ को संशोधित अनुमान र २०७७।७८ को अनुमान पेश गर्नु पर्नेमा २०७५।७६ को यथार्थ र २०७६।७७ को संशोधित अनसमान उल्लेख नगरी २०७७।७८ को अनुमान मात्र उल्लेख गरी कार्यक्रम बजेट स्विकृत गरेको छ । यसवाट गत वर्षको बजेट संग तुलना गर्न सक्ने अवस्था देखिएन । बजेट अनुमान र यथार्थ प्राप्तिको स्थिति यस प्रकार छ: ((रु.हजारमा)
<table>
<tr><th>क्र.स.</th><th>विवरण</th><th>वार्षिक अनुमान</th><th>यथार्थ</th></tr>
<tr><td>1</td><td>संघीय सरकार अनुदान</td><td>४०९३००</td><td>४२५६०८</td></tr>
<tr><td>2</td><td>प्रदेश सरकार अनुदान</td><td>२०५३०</td><td>२०५३०</td></tr>
<tr><td>3</td><td>राजश्व बाँडफाँड</td><td>१६४२०४</td><td>८७०९५</td></tr>
<tr><td>४</td><td>आन्तरिक आय</td><td>५५००</td><td>७३७३</td></tr>
<tr><td>५</td><td>पूँजिगत खर्च</td><td>२०७९०४</td><td>२१४४३४</td></tr>
<tr><td>६</td><td>चालु खर्च</td><td>३८६१३०</td><td>५०७२६८</td></tr>
<tr><td>७</td><td>वित्तीय व्यवस्था</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**वजेट तथा कार्यक्रम तर्जुमा** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । एउटै क्षेत्र भित्र वडागत योजना, नगरपालिका योजना र विषयगत पूर्वाधार क्षेत्रका कार्यक्रमका लागि रकम विनियोजन गरेको छ । विषयगत क्षेत्र सँग सम्वन्धित तथा वडा र नगरपालिकाको सार्वजनिक निर्माण सँग योजना दोहोरो पर्नसक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठाउँवाट संचालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण गरिएको छ ।	
१४			**प्रगति विवरण** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार कार्यालयवाट प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तिय पक्षको सामुहिक समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको कारण सो को जिम्मेवार व्यक्ति पहिचान गरी सुधारकालागि चाल्नुपर्ने कदम र प्रगति न्युन भएको सम्वन्धमा जिम्मेवार व्यक्ति उपर आबश्यक कारवाहि समेत गर्नु पर्ने उल्लेख छ । पालिकाले उक्त व्यवस्था अनुसार प्रगति विवरण तयार नगरेको कारण पालिकाले विकासका क्षेत्रमा गरेको समग्र लगानिको उपलव्धिको अवस्था मुल्याङ्कन गर्न सकिएन । पालिकाले नियमावलीको व्यवस्था अनुसारको जिम्मेवारी पुरा गरेको देखिएन । वार्षिक प्रगति तयारगर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ ।	
१५			**बार्षिक आर्थिक कारोवारको प्रतिवेदन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवार (नगदी,जिन्सी आय व्यय) को अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काईस दिनभित्र दुई प्रति सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र एक प्रति तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्म अनुसूची ११ बमोजिमको ढाँचाको वार्षिक आर्थिक कारोवार, प्रतिवेदन तयार नगरेकोले नियमको व्यवस्था पालना भएको देखिएन । नियमावलीमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**श्रोत अनुमान तथा वजेट सिमा** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ । नगरको प्राथमिक आयोजना कून कून हुन प्रक्षेपण गरी वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ ।	
१७			**वार्षिक खरिद योजना/गुरु योजना** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो खरिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना/गुरु योजना बनाई खरिद कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ ।	
१८			**आवधिक योजना र आयोजना बैंक** स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागी आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्येकालिन तथा दिर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकुल हुनुपर्ने विभिन्न अन्र्तसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिबि निबारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवन स्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय श्रोत साधन र सिपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना संञ्चालन गनुपर्ने व्यवस्था छ । तर पालिकाले आवधिक योजना बनाई कार्यान्वयनमा ल्याएको पाइएन । स्थानीय आवधिक योजना र आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारीता ल्याउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**मध्यमकालिन खर्च संरचना** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । सो अनुसार पालिकाले त्यस्तो खाका तयार गरेको देखिदैन । मध्यकालिन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा ३ आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको कार्यक्रमको प्राथमिकीकरण लागत र समय खुलाई तयार गरेको पाइएन	
२०			**आन्तरिक ऋण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।	
२१			**अनुगमन तथा सुपरिवेक्षण** स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजनासमेत तयार गर्नुपर्ने र नगरपालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले योजनाबद्ध रुपमा संचालित योजना अनुगमन तथा सुपरिवेक्षण कार्यान्वयन गरेको देखिएन । केहि योजनामा नगर प्रमुख र उप प्रमुख तथा सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले अनुगमन गरेको भएपनि ,केहि योजनामा नगर प्रमुख र सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले वाहेक अधिकांश योजना वार्ड अध्यक्ष, वार्ड सदस्यले मात्र तथा कर्मचारी,प्राविधिकले मात्र अनुगमन गरेको देखिएको छ । प्रस्तुत अनुमगन प्रतिवेदनमा आर्थिक अवस्था र काम सम्पन्न भएको व्यहोरा उल्लेख गर्ने गरेको छ । काम नभएका र सुधार गर्नुपर्ने व्यहोरा कमै मात्र उल्लेख गर्ने गरेको छ । यसरी योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कार्य ऐनले निर्दिष्ट गरेबमोजिम जिम्मेवार पदाधिकारीबाट नगराउँदा र प्राविधिक पक्षको कमि कमजोरी नऔंल्याउँदा साधनस्रोतको अधिकत्तम उपयोग, सेवा प्रवाह तथा कामको गुणस्तर प्रभावकारी हुन नसक्ने तर्फ जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्दछ ।	
२२			**गुणस्तर परिक्षण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**जिन्सी व्यवस्थापन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा तत् सम्बन्धी नियमावली २०७७ बमोजिम तोकिएको अवधिमा जिन्सी निरीक्षण गरी प्रतिवेदन लिने, प्रतिवेदनले औल्याएका कैफियतहरु समयमै सम्बोधन गर्ने जस्त कार्यहरु भएको पाइएन । जिन्सी व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली जस्ता सफ्टवेयरहरु प्रयोगमा ल्याएको पाइएन । जिन्सी निरिक्षण प्रतिवेदन नहुदा पालिकाको जिन्सी सम्पत्ती कति र कुन अवस्थामा छ एकिन गर्न सकिएन । तसर्थ सार्वजनिक सम्पत्तिको यथोचित अभिलेख, संरक्षण तथा उपयोग हुने गरी जिन्सी व्यवस्थापन गरिनुपर्दछ ।	
२४			**सम्पत्ति हस्तान्तरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल–अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका नगरपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था भएतापनि पालिकाले तयार गरेको जिन्सी निरिक्षण प्रतिवेदनमा साबिक गाउँ बिकास समिति तथा सा अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु नगरपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको देखिएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, नगरपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ ।	
२५			**न्यायीक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी उजुरी र यो बर्ष थप भएको उजुरी कुल उजुरी फछ्र्यौट भई बाँकी उजुरीको विवरण माग गरिएकोमा प्राप्त हुन सकेन । तथ्याकं प्राप्त हुन नसक्दा यस सम्बन्धमा विश्लेषाण गर्न सकिएन । तथ्याकं व्यवस्थापनमा रहेको कमजोरी समयमै सुधार गर्नुपर्दछ ।	

 https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**सामाजिक परीक्षण** पालिकाले सार्वजनिक परीक्षण अन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाई कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको देखिएन । सार्वजनिक परीक्षण सम्बन्धी ढाँचा तोकी कार्यान्वयनमा नल्याएकोले योजनामा सार्वजनिक परीक्षण हुन सकेको पाइएन । पालिकाले केही ठूला योजनाहरू छनौट गरी सामाजिक परीक्षणको व्यवस्था समेत कार्यान्वयन गरेको देखिएन । पालिकाबाट संचालित सबै पुँजीगत एवं चालु योजनामा निर्देशिका बनाई तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउने कार्य गर्नुपर्ने देखिन्छ ।	
२७			**स्थानीय तथ्यांक र अभिलेख** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । त्यसैगरी प्रत्येक नगरपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको समग्र प्रोफाईल तयार गर्नुपर्नेमा सो समेत तयार गरेको देखिएनरेको	
२८			**बेरुजु अभिलेख** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ ।	
२९			**प्रकोप व्याबस्थापन तर्फ**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९.१			विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
२९.२			सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार गर्दा कोटेसनलाई मात्र आधार लिएको छ । नियमावलीमा भएका व्यवस्थाहरुको पालना नगरी लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी, तथा पारदर्शी भएको छ भनी एकिन गर्न सकिएन । साथै खरिद भएका सामाग्री आम्दानी गरी एकमुष्ट खर्च घटाएकोले सामान प्रयोग तथा मौज्दातको बिवरण लिई खर्च प्रभाबकारी बनाउनु पर्दछ ।	

भौ नं मिति	फर्मको नाम	कामको विवरण	रकम
६-०७८-३-३०	चन्द्र मेडिकल हल	औषधी उपकरण	२९९९९०
५-०७८-३-३०	श्री महाबिर सर्जिकल एण्ड केमिकल हाउस	औषधी उपकरण	५०६३३८
४-०७८-३-३०	निशा फार्मेशी	औषधी उपकरण	४६४६६०
३-०७८-३-३०	आर.एस.सप्लायर्स	औषधी उपकरण	७६३८८
२-०७८-३-३०	सृष्टी सर्जिकल एण्ड सप्लायर्स	औषधी उपकरण	८०७३८
३-०७८-३-१९(प्रकोप)	अनर्व बिजनेस एक्सप्लोर	वेड,म्याट्रेक्स	४९७४२४
	जम्मा		१९२५५३८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९.३			विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाको प्रकोप ब्यबस्थापन कोषमा रु. ६५०००००। आम्दानी र रु. २२२४६७३। खर्च भइ बाँकी रु.४२७५३२७। देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
२९.४			विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/ गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
२९.५			विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**पदाधिकारी सुविधा** पदाधिकारी सुविधाः मधेस प्रदेशले बनाएको स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ३ मा स्थानिय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धीत सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ । तर पालिकाले यो बर्ष निम्नानुसार पदाधिकारी सुविधामा खर्च गरेको छ । विवरण / खर्च व्यहोर्ने स्रोत / खर्च रकम: पदाधिकारी सुविधा / राजस्व बाँडफाँड / २४९९९७१५. पदाधिकारी अन्य सुविधा / राजस्व बाँडफाँड / ३९४३५०. पदाधिकारी अन्य भत्ता / राजस्व बाँडफाँड / ५०००००. इन्धन पदाधिकारी / राजस्व बाँडफाँड / ४६१५१६. जम्मा / / २,६३,५५,५८१.०० उक्त खर्चमा गत बर्षको पदाधिकारी सुविधा यो बर्ष खर्च गरेको रु ७३,६२,४०५.०० घटाउँदा यो बर्षको खुद पदाधिकारी सुविधा रु १,८९,९३,१७६.०० हुन आउँछ जुन नगरपालिकाको यो बर्षको आन्तरिक आयको तुलनामा २५७.६० प्रतिशत बढी रहेको देखिन्छ ।उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजस्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।	
३१			**गत बर्षको पदाधिकारी सुविधा** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण ७ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । नगरपालिकाले ६४ जना जनप्रतिनिधिलाई मिति २०७६ कार्तिक देखि २०७७ अषाढ सम्मको 9 महिनाको पदाधिकारी सुविधा बापत रु. ७३,६२,४०५.०० पदाधिकारी सेवा सुविधा भुक्तानी गरेको छ । भुक्तानी दिन बाँकीको कच्चावारी वेगर खर्च गर्ने परिपाटिमा सुधार हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**सभा सञ्चालन खर्च** पालिकाले यो बर्ष सभा सञ्चालनको लागि रु ९५०१४४.०० खर्च गरेको पाइयो । जम्मा ६५ सभा सदस्य रहेको नगरसभाको लागि बैठक भत्ता, खाजा लगायतमा खर्च भएको देखिन्छ । उक्त शिर्षकबाट नगरसभा सदस्य र कर्मचारीको लागि भनी १३७ थान ब्याग रु ३७१५४४.०० मा खरिद गरेको देखिन्छ । आन्तरिक आय कमजोर रहेको पालिकाले आवश्यकता बढी खर्च गर्नु उचित देखिएन । यस्तो खर्च नियन्त्रण गरी मितव्ययीता कायम गर्नुपर्दछ ।	
३३			**इन्धन खर्चको मापदण्ड** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी रु. २०,५०,६१५.०० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । एकमुष्ठ बिल राखी खर्च लेख्दा कुन सवारीले कति इन्धन प्रयोग गर्यो भन्ने व्यहोरा एकिन गर्न सकिएन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	
३४			**भ्रमण अभिलेख एवं प्रतिबेदन** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी अनुगमन तथा मूल्यांकनमा रु ४८३७०० र भ्रमण खर्चमा रु ४,५०,००० खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । पालिका भित्र एकै दिन गएर फर्कन सकिने स्थानको लागि पनि अनुगमन भत्ता भनी पटक पटक नगर विभिन्न पदाधिकारीलाई भत्ता दिएको उचित देखिएन । एउटै गोश्वारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको उचित देखिएन । नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
३५			**पेश्की बाँकी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(५) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । कार्यालयले विभिन्न निर्माण व्यवसायी, पदाधिकारी र कर्मचारीलाई प्रयोजन समेत नखुलाई आर्थिक वर्षको अन्त्यमा दिएको	७,२०९,६००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पेश्की फछर्यौट नभई वांकी रहेको देखियो । फछर्यौट गर्न वाँकी रहेको पेश्की सम्बन्धित कार्यमा खर्च भएको प्रमाण सहित नियमावलीको व्यवस्था अनुसार पेश्की फछर्यौट गर्नुपर्ने देखिएको रु.	

क्रम	**कर्मचारीको नाम**	**पेस्की रकम**
३५.१	भरत मंडल	२५,०००
३५.२	रमेश कुमार यादव	४,५०,०००
३५.३	बैजु शंकर राउत	२,३९,०००
३५.४	बैजु शंकर राउत	७३,८००
३५.५	अरविन्द प्रसाद साह	१,५०,०००
३५.६	बैजु शंकर राउत	२,०८,०००
३५.७	बैजु शंकर राउत	३,००,०००
३५.८	योगेन्द्र मुखिया	२०,०००
३५.९	योगेन्द्र मुखिया	१,०२,०००
३५.१०	बैजु शंकर राउत	१,२५,०००
३५.११	बैजु शंकर राउत	३,००,०००
३५.१२	बैजु शंकर राउत	४,००,०००
३५.१३	प्रमोद पण्डित	१,२१,८००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				३५.१४	सत्येन्द्र कुमार ठाकुर	७५,०००		
				३५.१५	सुरेन्द्र पटेल	७,५०,०००		
				३५.१६	अंगद कुमार यादव	९,३४,०००		
				३५.१७	राजकिशोर साह	७,५७,०००		
				३५.१८	सुरेन्द्र पटेल	१,००,०००		
				३५.१९	चैन किशोर राउत	२४,०००		
				३५.२०	रोहुवा स्वास्थ्य चौकी	१,००,०००		
				३५.२१	स्वास्थ्य चौकी सिसौटिया	१२,००,०००		
				३५.२२	स्वास्थ्य चौकी बगदह	२,२५,०००		
				३५.२३	सेन्चुरी बैक लि	२,२०,०००		
				३५.२४	विजय कुमार महतो	८५,०००		
				३५.२५	श्री अभियान नेपाल सामुदायिक सिकाई केन्द्र	१,००,०००		
				३५.२६	भरत मंडल	२५,०००		
				३५.२७	भरत मंडल	१,००,०००		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**कर्मचारी व्यवस्था** पालिकाले आफ्नो नियमित कार्य सञ्चालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गरेको पाइएन। संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी अनुसारको पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन। रिक्त पदपुर्ति गर्न के कस्तो प्रयास भएको छ सो विवरण समेत लेखापरीक्षणको क्रममा उपलब्ध हुन सकेन। रिक्त पद समयमै पदपूर्ति गरी र दरबन्दी भन्दा बढी हुने गरी पदपूर्ति नगरी कर्मचारी व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाइनुपर्दछ।	
३७			**तलवी प्रतिवेदन** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवि प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ। त्यस्तै दफा ७ ख २ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ। यस वर्ष कार्यालयले कर्मचारी तलव भत्तामा रु. १,७८,६२,९७५.०० खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन। प्रचलित कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ।	
३८			**करार सेवा** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलीफोन, विद्युत र धाराको संचालन तथा रेखदेख, पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख, टाईपिङ वा कम्प्युटरटाईप, ड्राईभिङ जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चाालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपरेमा सार्वजनिक निकायको व्यक्ति, फर्म, संस्था वा कम्पनि सँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिदा त्यस्तो सेवाको आवश्यकता, किसिम, समयावधि, गुणस्तर, सेवा संचालन विधि, लाग्ने मोटामोटीखर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्विकृत गराउनु पर्ने व्यवस्था छ। सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ। तर पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको देखिएन। त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरबन्दी कायम समेत नगरी पालिकाले यो बर्ष करार सेवा शुल्कमा रु ५९,९४,४००.०० खर्च गरेको छ। लेखापरीक्षणको क्रममा करार नियुक्ती सम्बन्धी सम्झौता तथा म्याद थप सम्बन्धी कागजात पेश नभएकोले करार नियुक्तीको यथार्थता एकिन गर्न सकिएन। यसरी बैज्ञानिक संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा यथार्थ दरबन्दी कायम नगरी नयाँ करार नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृत्तिले नगरपालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ। इनपुट मार्फत खर्च बढि रहने तर आउटपुट स्पस्ट नहुने प्रणालीको अन्त गरी करार सेवा प्रणालीलाई व्यवस्थित बनाइनुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>पारिश्रमिक कर
आयकर ऐन २०५८ को दफा ८७ मा रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयमा सोही ऐनको अनुसूची १ बमोजिम पारिश्रमिक कर गणना गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले निम्न कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा कुनैको गणना गरेतापिन नपुग रहेको र कुनैको गणना नगरेको देखियो । तसर्थ पारिश्रमिक कर बापतको रु सम्बन्धीत कर्मचारीबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>कर्मचारीको नाम</th><th>छुटपछीको करयोग्य आय</th><th>लाग्ने कर</th><th>तिरेको कर</th><th>नपुग कर</th></tr>
<tr><td>रमेश प्रसाद यादव</td><td>९४४४२</td><td>९४४४.२</td><td>८६३.७६</td><td>८६०७.४४</td></tr>
<tr><td>राजकिशोर साह</td><td>१०४४१८</td><td>१०८८३.६</td><td>८६३.७६</td><td>१००१९.८४</td></tr>
<tr><td>प्रमोद कुमार यादव</td><td>१०४४१८</td><td>१०८८३.६</td><td>८६३.७६</td><td>१००१९.८४</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२८६४७.१२</td></tr>
</table></td><td>२८,६४७</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>कर्मचारी कल्याण कोष
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१००००००.०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यस्तो खर्च कानूनद्धारा व्यवस्थित बनाईनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>प्रोत्साहन भत्ता
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । तर पालिकाले कानून नबनाई कर्मचारीहरुलाई यो बर्ष रु ३५,००,०००.०० प्रोत्साहन तथा पुरस्कार बापत प्रदान गरेको छ । यस्तो सुविधा कानून द्धारा व्यवस्थित बनाइनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**कार्यालय सम्बन्धि खर्च** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी पुस्तक तथा सामाग्रीमा रु. २४,६३,४५८.०० खर्च लेखेको छ । बार्षिक खरिद योजना नबनाई खरिद गर्ने सम्बन्धीत कर्मचारीलाई जिम्मेवार बनाइनुपर्दछ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।	
४३			**पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु १४,०१,९५३.०० खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।	
४४			**सञ्चार सुविधा** पालिकाले यो बर्ष सञ्चार महशुलमा रु ७,८७,७३०.०० खर्च गरेकोमा त्यस्तो खर्च कार्यालय प्रयोजनका अतिरिक्त केही कर्मचारीलाई मासिक रु १००० देखि रु १५०० सम्म सञ्चार सुविधाको रुपमा पनि खर्च गरेको पाइयो । सञ्चार सुविधालाई कानूनद्धारा व्यवस्थित गरेर मात्र खर्च गरिनुपर्दछ । विभिन्न तहका कर्मचारीलाई सञ्चार सुविधा दिने गरी कानून बनाएको नपाइएको अवस्थामा नगरसभाबाट निर्णय गरी खर्च लेखेको छ । कानूनद्धारा व्यवस्थित नगरी नगरसभाबाट निर्णय गरी थप ब्ययभार हुनेगरी खर्च गर्ने प्रवृतीमा सुधार हुनुपर्दछ ।	
४५			**सवारी साधन भाडा** सार्वजनिक खरिद ऐन, २०६३ मा अन्य सेवा खरिद गर्दा लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपर्युक्त व्यवस्थाको पालना नगरी दैनिक रु ३५०० को दरले एक यात्रुवाहक गाडी भाडामा लिई रु. ९,९९,७७५.०० खर्च लेखेकोमा खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धात्मक तरिकाले लागत अनुमान तयार नगरी खरिद गरेको देखिएकोले नियमित नदेखिएको रु	९९९,७७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६			**यातायात खर्च** पालिकाले इन्धन पदाधिकारी बाहेक कार्यालय प्रयोजनको लागि मात्रै इन्धनमा रु १४,९४,८७४.०० खर्च गरेको देखिन्छ । त्यस्तै कार्यालयमा भएका सवारीका अतिरिक्त कार्यालय प्रयोजनको लागि दैनिक रु ३५०० का दरले सवारी साधन भाडामा पनि लिएको देखिन्छ । यसरी कार्यालयका सवारी र इन्धन समेत प्रयोग भएको अवस्थामा विभिन्न कार्यक्रममा पदाधिकारी तथा कर्मचारीलाई यातायात खर्च भनी भुक्तानी दिएको मनासिब नदेखिएको रु	२७९,५००

गो.भौ.नं. र मिति	पदाधिकारी/कर्मचारी	प्रति व्यक्ति यातायात खर्च दैनिक	कुल यातायात खर्च
४८-०७७/८/२७	४ जना	१५००	६००००.
८१-०७७/९/१६		१०००	४००००.
४२२-०७८/३/२७	१५	१५००	२२५००
४२६-०७८/३/२७	१८ जना	१०००	१०४०००.
१६८-०७७/१२/१२	८ जना	१०००	३४०००.
४४७-०७८/३/३०	४ जना	१०००	७९०००.
जम्मा			२७९५००.

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७			**अन्य प्रयोजन खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम विनीयोजित बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा प्राप्त हुने रकम तोकिएको काममा मात्र खर्च गर्न सकिनेमा कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको निकायलाई समेत निम्न अनुसार रु.२६३५१२। खर्च गरेको र कैफियतमा उल्लेख भएको प्रमाण समेत संलग्न भएको नदेखिँदा खर्च रकम नियमित देखिएन । यसरी खर्च गर्दा नगरपालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको अनियमित रु.	२६३,५१२

भौ.नं.	कार्यालयको नाम	विवरण	रकम
९	सशस्त्र प्रहरी बल गोडैता	सवारी मर्मत	४२०००
१३	गोडैता प्रहरी चौकी	इन्धन	१२५६०
३१	८ वटा प्रहरी चौकी	इन्धन र चाडपर्व	९४८००
५०	सशस्त्र प्रहरी बल बिओपी बलराउधोरण	गाडी मर्मत	४१३७०
७९	सशस्त्र प्रहरी बल बिओपी बहादुरपुर	इन्धन/विविध	१५०५०
३२८	इलाका प्रहरी कार्यालय गडहिया	सवारी मर्मत	५७७३२
जम्मा			२६३५१२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८			**कानुनी सल्लाहकार** स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्वन्धी ऐनहरुमा पदाधिकारीहरुको लागि सल्लाहकार तथा सहायक कर्मचारी राखी पारिश्रमिक दिने व्यवस्था छैन । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी एक कानुनी सल्लाहकारलाई मिति मासिक तलब रु ३५९९०.००, महँगी भत्ता मासिक रु २००० र चाडपर्व खर्च समेत रु. ४,९१,८७०.०० भुक्तानी गरेको छ । कानुनमा उल्लेखित सुविधा वाहेक सल्लाहाकार कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्य नियमित नदेखिएको रु.	४९१,८७०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**बैठक भत्ता** प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को बुँदा नं.१४(२) मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी मात्र बस्ने बैठकमा बैठक भत्ता नपाउने व्यवस्था गरिएको भएतापनि पालिकाले बैठक भत्ता सम्बन्धी कुनै मापदण्ड तयार गरेको पाइएन ।यस्तो मापदण्ड बिना यो बर्ष नगरसभाको निर्णय नं. १६ मा प्रदेश सरकारको कार्य विधि अनुसार बैठक भत्ता उपलब्ध गराउने भन्ने व्यवस्था गरेतापनि कुन अवस्थामा र कसले बैठक भत्ता पाउने स्पष्ट निर्णय नगरेको तर भैसकेको खर्चलाई अनुमोदन गर्ने कमजोरीमा सुधार गर्नुपर्दछ । कार्यपालिका लगायत कर्मचारीको बैठक भत्तामा यो बर्ष कुल रु २०,३२,२७०.०० खर्च गरेको देखिन्छ । बैठक भत्ता सम्बन्धी केही भौचरको नमूना परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।कार्यालय समयमा र नियमित प्रकृतिको कामको लागि राखिएको बैठकमा समेत भत्ता भुक्तानी दिनु उचित देखिएन । बैठक भत्ता सम्बन्धी स्पष्ट मापदण्ड बनाइ बैठक भत्ता खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिएको रु <table><tr><td>भौचर नं.</td><td>बैठकको शिर्षक</td><td>भत्ता प्राप्त गर्ने संख्या</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr><tr><td>१७१-०७७/१२/१२</td><td>अनुगमन समितिको बैठक</td><td>४</td><td>१२९६००</td><td>समय उल्लेख नगरेको</td></tr><tr><td>४२६-०७८/३/२७</td><td>शिक्षा समिति बैठक</td><td>१८</td><td>१४४०००</td><td></td></tr><tr><td>४७०-०७८/३/३०</td><td>शिक्षक समुहको बैठक</td><td>८</td><td>७००००</td><td>भिन्न शिर्षकको रकम बैठक भत्तामा खर्च गरेको ।</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td>३४३६००.</td><td></td></tr></table>	३४३,६००
५०			**मू.अ.कर समायोजन** सार्वजनिक खरीद नियमावली , २०६४ को नियम ११ वमोजिम सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रहि सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानिय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालसमान आपुर्ती गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । तर सो अनुरुप लागत अनुमान तयार नगरी पालिकाले सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा १७ प्रकारका विभिन्न फारामहरु छपाई बापत लक्की प्रिन्टर्स जनकपुरलाई रु १०७३२९६.०० भुक्तानी गरेको छ । त्यस्तै आवश्यकताको बिश्लेषाण गरी खरिद योजना मार्फत खरिद गरेको समेत पाइउन । खरिद प्रक्रियामा देखिएका उल्लिखित कमजोरीमा सुधार हुनुपर्दछ । उक्त भुक्तानीमा मूल्य अभिवृद्धि कर निमयमावली ५३ को नियम ६ ग बमोजिम भुक्तानी हुने मू.अ.कर मध्ये ५० प्रतिशत कट्टि गरी सम्बन्धीत राजस्व खातामा दाखिला गर्नुपर्नेमा नगरेकोले उक्त भुक्तानीमा समावेश भएको मू.अ.कर रु १२३४७६.५३ को ५० प्रतिशत रु ६१७३८.२६ सम्बन्धीतको मू.अ.कर विवरणमा समावेश भएको प्रमाण पेश गर्नुपर्ने रु	६१,७३८.२६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर कट्टि नगरेको
मूल्य अभिवृद्धि कर कट्टि नगरेकोः मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा गरेको संशोधनको ब्यवस्था साथै मूल्यअभिबृद्धि कर नियमावली, २०५३ मा भएको २१ औ संशोधनले नियम ६(ख) पछि थपिएको नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ सस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने बस्तु वा सेवा वा बस्तु वा सेवाको वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने ब्यवस्था उल्लेख भएकोमा पालिकाले निम्नानुसारको भुक्तानीमा सो अनुसार कानूनमा भएको व्यवस्थाको पालना गरेको देखिएन । तसर्थ निम्नानुसारको मू.अ.कर रकम सम्बन्धीत फर्मको मू.अ.कर विवरणमा समायोजन भएको प्रमाण कागजात पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौचर नं.</th><th>पार्टी</th><th>भुक्तानी रकम</th><th>३० प्रतिशत मू.अ.कर</th></tr>
<tr><td>२९४-०७८/३/१</td><td>सौर्या इन्जिनियरिङ्ग एण्ड इन्फ्रास्टक्चर कम्पनी प्रा.लि.</td><td>४९७२००</td><td>१७१६०.</td></tr>
<tr><td>३१०-०७८/३/४</td><td>डि.जि. इन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>१९७७५००</td><td>६८२५०.</td></tr>
<tr><td>४७२-०७८/३/३०</td><td>आर आर मल्टिपल ट्रेडर्स एण्ड सप्लायर्स</td><td>४९८३३०</td><td>१७१९९.</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१०२६०९</td></tr>
</table></td><td>१०२,६०९</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>सवारी साधन मर्मत
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. 415 तयार नगरी रु. १७,४०,८९०.०० खर्च लेखेको छ । तयार गर्नुपर्ने अभिलेख तयार नहुँदा गरिएको खर्चको यथार्थता यकिन गर्न सकिएन साथै मर्मतको क्रममा फेरिएका कतिपय पार्टपुर्जाहरुको अभिलेख, संरक्षण तथा सदुपयोग सम्बन्धमा आश्वस्त हुन सकिएन । आन्तरिक आय कमजोर रहेको पालिकाले विभिन्न तहका कर्मचारीलाई निश्चित मापदण्ड बिकास नगरी मर्मत खर्चको सुविधा दिनु उचित देखिएन । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५३			**घरभाडा** पालिकाले यो बर्ष कार्यालय प्रयोजनको लागि भनी घरभाडा शिर्षकमा रु १४,९९,५००.०० खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा घरभाडाको सम्झौता पेश नभएकोले भुक्तानी भएको मासिक दर र कुल रकम यथार्थ हो भनी एकिन गर्न सकिएन । खर्च लेख्दा सम्झौता लगायतका कागजात संलग्न नगर्ने तथा लेखापरीक्षणमा पेश नगर्ने कमजोरीमा सुधार हुनुपर्दछ ।	
५४			**मर्मत सेवा** पालिकाले कम्प्युटर मर्मत सम्भार सेवा उपलब्ध गराउने र सो बापत बार्षिक रुपमा पालिकाले रु ३०००००.०० उपलब्ध गराउने गरी गरिएको सम्झौता अनुरुप अल्पना साहलाई रु ३०००००.०० भुक्तानी गरेको पाइयो । तर सम्झौतामा र भुक्तानीका बखत निजले के कती कम्प्युटरमा मर्मत सेवा पुर्याएको हो सो व्यहोरा खुल्दैन । करार सेवा शुल्कबाट भुक्तानी दिइएकोमा सेवा शुल्क निर्धारण कसरी गरिएको हो सो व्यहोरा पनि खुल्न सकेन । अनुमानको आधारमा रकम निर्धारण गरी र मापनिय सुचकको आधारमा कार्य मूल्यांकन नगरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।	
५५			**भित्ते लेखन कार्य** पालिकाले सन्देश मूलक भित्तेलेखन कार्यक्रम अन्तर्गत जीवन कल्याण केन्द्र नेपाललाई रु ४९९६०२.०० भुक्तानी गरेको पाइयो । संस्थाले पेश गरेको प्रस्तावमा वालपेन्टीङ्ग ३४३५ वर्ग फिट प्रति वर्ग फिट रु ४४.३५ को दरले र लेखन कार्य ४८४० वर्ग फिट प्रति वर्ग फिट रु ६८.७१ को दरले काम गर्ने गरी पेश भएको र सोही संस्थासँग सम्झौता समेत भएकोमा काम हुदाका बखत यथार्थ भएको कामको मापन नगरी र उक्त प्रस्ताव बमोजिम कार्य भएको एकिन नगरी भुक्तानी दिएको देखियो । तसर्थ कामको यथार्थ मापन भएको प्रतिवेदन पेश गर्नुपर्ने रु	४९९,६०२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**गहुँको बिउँ खरिद** कार्यालयले १२५० क्विन्टल गहुँ प्रति क्विन्टल रु ७५०० को दरले ५० प्रतिशत लागत साझेदारीमा खरिद गरी गो.भौ.नं. २८९ चालु बाट रु ४५०००००.०० र भौ.नं. १९३ पूँजिगतबाट रु १८७५०० गरी कुल रु ४६८७५००.०० सफु एग्रोभेट गडैतालाई भुक्तानी गरेको देखिन्छ । यसरी बिउँ खरिद गरी बितरण गर्दा कार्यालयको क्षेत्रभित्र कृषि कार्यमा संलग्न सबै कृषकहरु मध्येबाट केही कृषक पटक पटक नदोहोरिने गरी तथा सबै कृषकलाई लाभको बितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको भरपर्दो र बैज्ञानिक प्रणाली बिकास गरेको पाइएन । यस्तो प्रणाली नहुदा सूचना र कार्यालयमा पहुँच हुने केही कृषकहरुले मात्र पटक पटक लाभ प्राप्त गर्न सक्ने देखिएकोले कृषक छनौटको बिश्वसनीय र बैज्ञानिक आधार बिकास गरी कार्यान्वयन गरिनुपर्दछ । त्यस्तै सार्वजनिक खरीद नियमावली , २०६४ को नियम ११ वमोजिम सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रहि सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानिय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालसमान आपुर्ती गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । तर सो अनुरुप लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा लागत अनुमान तयार नगरी सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गरेको पाइयो । साथै सम्झौतामा बिउँको प्रकार बिजय र आदित्य हुनुपर्ने, बिउँ प्रमाणित प्रथम पुस्ताको हुनुपर्ने तथा बिउँ मान्यता प्राप्त कम्पनी वा सहकारीको हुनुपर्ने व्यस्था भएतापनि खरिद बिलमा बिउँको प्रकार नखुलेको तथा मान्यता प्राप्त कम्पनी वा सहकारी भए नभएको प्रमाण संलग्न समेत नभएकोले बिउँ सम्झौता अनुरुपको नै थियो भनी आश्वस्त हुन सकिएन । त्यस्तै मिति २०७७ कार्तिकमा कृषि सामाग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय हेटौडामा बिजय गहुँ उन्नत स्तरको प्रति क्विन्टल ६५०० मा उपलब्ध भएको स्थितिमा कार्यालयले लागत अनुमान तयार नगरी खरिद गर्दा प्रति क्विन्टल रु १०००० को दरले १२५० क्वीन्टलको रु १२,५०,००००/- बढी लागत पर्न गई ५० प्रतिशत लागत साझेदारीको आधारमा कार्यालयलाई रु ६,२५,०००.०० बढी व्ययभार पर्न गएको देखिन्छ । तसर्थ खरिद प्रक्रिया पुरा नगरेको तथा सम्झौता अनुरुप सामाग्री प्राप्त भए नभएको समेत एकिन नगरी खर्च लेख्दा बढि व्ययभार पारेको देखिएकोले नियमित गर्नुपर्ने रु	६२५,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>व्यक्तिमार्फत भुक्तानी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४९ मा बिक्रेताबाट सोझै मालसमान खरिद गर्न नसकिने भएमा कार्यालयको कर्मचारीलाई पेश्की दिई पठाउनु पर्ने व्यवस्था छ । तर पालिकाले निम्नानुसार खर्च भुक्तानी गर्दा सम्बन्धीत संस्था/फर्मलाई भुक्तानी नदिई व्यक्ति मार्फत भुक्तानी गरेको पाइयो । यसरी खर्च भुक्तानी गर्ने प्रवृत्तिमा सुधार गरी कारोबार भएकै संस्था वा फर्मलाई नै भुक्तानी गर्नुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>कर्मचारी</th><th>प्रयोजन</th><th>रकम रु</th></tr>
<tr><td>८-०७७/८/२३</td><td>रमेश प्रसाद यादव</td><td>सवारी मर्मत/विविध/इन्धन</td><td>६७७३०.</td></tr>
<tr><td>५६-०७७/८/२७</td><td>राजकिशोर साह</td><td>खाजा खर्च</td><td>९५७४०.</td></tr>
<tr><td>४३०-०७८/३/२९</td><td>सुरेश कुमार पण्डित</td><td>विविध</td><td>१७५०००.</td></tr>
<tr><td>४४४-०७८/३/३०</td><td>रंजित कुमार साह</td><td>मेशिनरी औजार</td><td>११००००.</td></tr>
<tr><td>४७३-०७८/३/३०</td><td>रंजित कुमार साह</td><td>सञ्चार महशुल</td><td>४८०००.</td></tr>
<tr><td>४७४-०७८/३/३०</td><td>अरबिन्द प्रसाद साह</td><td>सञ्चार महशुल</td><td>७६०००.</td></tr>
</table></td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>भुक्तानी दिन बाँकीको विवरण
पालिकाले गो.भौ.नं. ४५-०७७/८/२० बाट मिति ०७७ श्रावण भन्दा अधिको बिल भर्पाई राखी कोरोना सम्बन्धी खर्च रु ६४६२०.०० गरेको पाइयो । भुक्तानी दिन बाँकीको विवरण बिना गत बर्षको बिल भर्पाई राखी खर्च लेखेकोमा सोही बिल भर्पाईबाट गत बर्ष खर्च लेखिए नलेखिएको सुनिश्चित हुनुपर्ने रु</td><td>६४,६२०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५९			**विविध खर्च** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल,भरपाई,प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष विविध खर्च वापत रु. ४९,५९,६७५.०० खर्च गरेको छ। उक्त खर्च नगरपालिकाको कुल आन्तरिक आय रु ७३,७३,०७७.१२ को तुलनामा ६७.२७ प्रतिशत रहेको देखिन्छ। यस्तो खर्च खाना खाजा लगतायतमा खर्च हुने गरेको देखिन्छ। नगरसभाले नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रमको सन्दर्भमा कार्यक्रममा सहभागी हुनेलाई खाना र खाजाको दर तोकेको भएतापनि अन्य अवस्थामा त्यस्तो खर्च कसरी गर्ने वा नगर्ने सम्बन्धी कुनै निर्णय भएको देखिएन। कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड बिकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरे तापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने सम्बन्धीत कर्मचारीलाई कानून बमोजिम जिम्मेवार बनाई यस्तो खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।	
६०			**आर्थिक सहायता** कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था स्थानिय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन। आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ। यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाव दिंदै आएकोमा यो वर्ष पनि विभिन्न व्यक्ति तथा संस्थालाई अन्य सामाजिक सहायतामा रु ५,८४,२६०.०० र उद्दार राहत पुनर्स्थापनामा रु २४,७५,४७७.०० गरी कुल रु ३०,५९,७३७.०० वितरण गरेको देखिन्छ। यस्तो खर्चलाई निश्चित विधि र मापदण्डको बिकास गरी नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१			**औषधी खरिद** पालिकाले यस वर्ष नगरपालिकाले नगरपालिका चालु शिर्षकबाट आयुर्वेदिक औषधी रु. ९९९७७५.०० र अन्य मेडिकल औषधी तथा उपकरण रु २८,१२,५००.०० तथा सर्शत अनुदान बाट रु १८,५०,०००.०० गरी कुल रु ५६,६२,२७५.०० मुल्यको औषधी तथा स्वास्थ्य उपकरण खरिद गरेको छ । विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । पालिकाले मिति ०७८/३/३० मा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा रु ४०,१४,०००.०० को औषधी खरिद गरेकोमा सार्वजनिक खरीद नियमावली , २०६४ को नियम ११ वमोजिम सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रहि सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानिय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालसमान आपुर्ती गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले सो अनुरुप लागत अनुमान तयार नगरी केही फर्मसँग दर माग गरी औसतको आधारमा लागत अनुमान तयार गरेको देखिन्छ ।लागत अनुमान तयार गर्दा खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । त्यस्तै सम्झौताको शर्तहरुमा औषधी WHO GMP Certify Company बाट उत्पादन भएको हुनुपर्ने भनिएकोमा त्यस्तो शर्त पुरा गरे नगरेको एकिन नगरी भुक्तानी दिएको पाइयो । यसरी शर्तहरु पालना गरे नगरेको एकिन नगरी भुक्तानी दिने कर्मचारीलाई कानून बमोजिम जिम्मेवार बनाई पालिकाले हस्तान्तरण गरेको औषधि सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सि खातामा आम्दानी वाधि नागरिकलाई निशुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ ।	
६२			**पोषण कार्यक्रम** पोषण सुधार कार्यक्रम वापत पालिकाले गो भौ नं २३४।०७८।३।२७ मा हाम्रो महिला बचत तथा ऋण सहकारी संस्था लि लाई रु.६२५००० अनुदान निकासा भुक्तानी गरिएको देखियो । पालिकाले अनुदान वापत भुक्तानी दिएको रकम सम्बन्धित कार्यक्रममा बजेट खर्च भएको छ भन्न सकिएन । तसर्ग अनुदान वापतको रकम सम्बन्धित संस्थाले आम्दानी बाँधी सम्बन्धित प्रयोगजनमा खर्च भएको एकिन गर्नुपर्ने रु.	६२५,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६३			**कृषि अनुदान** पालिकाले कृषि विकास शाखामा अनुदानका लागि कृषक, कृषक समुह कृषक सहकारी संस्था छनौट तथा मुल्याङ्कन, गर्न कार्यविधि तयार गरी सोही बमोजिम लाभग्राही छनौट, मुल्याङ्कन गर्ने कार्यहरु गर्नुपर्दछ । कार्यालयले यस बर्ष निम्नानुसार अनुदान कार्यक्रम संचालन गरेकोमा कार्यविधि तयार नगरी लाभग्राही छनौट, कामको मुल्याङ्कन लगायत कार्य नगरी वडाले सिफारिस दिएको आधारमा कृषक छनौट गरी खर्च गरेको छ । कार्यविधि तयार नगरी मुल्याङ्कन तथा छनौट गर्दा वास्तविक लाभग्राही छनौट भई लाभान्वित भएका छन भन्न सक्ने अवस्था समेत रहेन । अत कार्यविधि निर्माण गरी लाभग्राही छनौट, मुल्याङ्कन, खर्च सम्बन्धि सम्पुर्ण कार्य कार्यविधि अनुसार गरी कार्य गर्न र खर्च प्रभावकारी तथा पारदर्शी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	

गो भौ नं	विवरण	वापत	अनुदान	रकम
१९१।०७८।३।२२	श्री जय शिव कृषि सहकारी संस्था लि	धान विउ वितरण	५० प्रतिशन	१९९९५०
२१६।०७८।३।२५	श्री जय शिव कृषि सहकारी संस्था लि	स्प्रेयर तथा मोटर वितरण	५० प्रतिशत	२०१२५०
२२५।०७८।३।२६	श्री राम कृषक समुह	पम्प सेट वितरण	५० प्रतिशत	६६५०००
२२६।०७८।३।२६	श्री देवि कृषक समुह	धान विउ वितरण	५० प्रतिशत	६६५०००
२७९।०७८।३।३०	श्री बौद्धिमाई धान पकेट संचालन समिति	धान विउ वितरण	५० प्रतिशत	६६५०००
१७१।०७८।३।२०	सफु एग्रोभेट	मुगको विउ वितरण	१०० प्रतिशत	४९८०००
१७३।०७८।३।२०	रोसल डेकोर सप्लायर्स	सिलाई मेसिन तथा अगरबत्ती बनाउने मेसिन वितरण	१०० प्रतिशत	४८७९९५
१७४।०७८।३।२०	गणपति गणेश सप्लायर्स	मोटर वितरण	१०० प्रतिशत	७९९६४
जम्मा				४६९४२००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४			**आयोजनाको गुणस्तर** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले आफुले लिएको काम गुणस्तरिय बनाउन त्यस्को प्राविधिक नापजाँच प्राविधिकबाट गराई सार्वजनिक निकायबाट अनुगमन गराउनु पर्ने व्यवस्था छ । पालिकाले आयोजना कार्यान्वय गर्दा कतिपय भवन, खानेपानी, सिचाइ जस्ता संरचनाहरुमा निश्चित अशको लागि मात्रै रकम विनियोजन गरी काम गराउदा त्यस्ता संरचना लामो समयसम्म पूर्ण नहुने, वातावरणीय प्रभाव लगायतको कारणले गुणस्तरमा ह्रास आउन सक्ने सम्भावना रहन्छ । त्यस्तै पालिकाले उपभोक्ता समितिबाट काम भएका सडक पिच ढलान लगायतका केही आयोजनामा गुणस्तर परीक्षण गरी प्रतिवेदन लिने गरेको भएतापनि त्यस्तो परीक्षण सबै प्रकृतिका आयोजनामा अनिवार्य गरेको पाइएन । तसर्थ आयोजना एकैपटक पूर्ण रुपमा सम्पन्न हुने गरी र सबै आयोजनाको प्रत्यक चरणमा गुणस्तर परीक्षण अनिवार्य गर्ने व्यवस्था गरी आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाइनुपर्दछ ।	
६५			**न्यूनतम दररेट** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्ने व्यवस्था छ ।तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन । कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६६			**बितरणमुखी कार्यक्रम** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वियन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले उल्लिखित व्यवस्था अनुरुप योजना तयार नगरी निम्नानुसार अनुउत्पादक तथा बितरणमुखी कार्यक्रममा समेत खर्च गर्ने गरेको देखियो । साथै समानहरु खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुरुप लागत अनुमान समेत तयार नगरी खरिद गरेको देखिन्छ । यसरी पट्के निर्णयको आधारमा र खास प्रतिफल प्राप्त नहुने कार्यक्रममा खर्च गर्ने र खरिद गर्दा सार्वजनिक खरिद नियमावलीले तोकेको प्रक्रिया समेत पुरा नगर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ	

भौ नं मिति	फर्मको नाम	कामको विवरण	रकम
८३-०७७-११-२०	गणपती गणेश सप्लायर्स	कम्बल खरिद	२९९७६०
१७०-०७८-१-२७	महादेब ट्रेडर्स	कम्बल खरिद	१९९९९६
२६७-०७८-३-२०	आर.एन. सप्लायर्स	झुल	४९९१७७
१७९-०७८-१-२७	नमन ट्रेडर्स	छाता बितरण	९९६६६
१५१-०७८-१-०८	सृष्टि सर्जिकल एण्ड सप्लायर्स	टि.सर्ट	२९९६७६
३७५-०७८/३/२१ (चालु)	सचिन जेनरल स्टोर्स	ब्याग	३७१५४४
जम्मा			१७६९८१९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६७			**शिर्षक फरक** आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सम्बन्धित उपशिर्षकमा विनियोजन एक समूहको खर्च शिर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को समूहको खर्च शिर्षकको मौज्दात रकमबाट खर्च गरि त्यस्तो काम भएको सात दिन भित्र त्यसरी खर्च गरेको रकम नियमित गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार रु.१४७३५२७ । खर्च उल्लेखित नियमको पालना नगरी खर्च लेखेको रकम अनियमित देखिएको रु.	१,४७३,५२७

भौ.नं./मिति	फर्मको नाम	कामको बिवरण	खर्च लेखेको शिर्षक	खर्च लेख्नुपर्ने शिर्षक	रकम
१९७-०७८-२-२१	शुसान्त इन्टरप्राइजेज	दराज,कुर्सि	सवारी साधन	फर्निचर	४९३५२७
३६६-०७८-३-३०	माँ वौधी उ.स	सडक मर्मत	सवारी साधन	निर्माण	२८८०००
३७२-०७८-३-३०	शितल टेक्निकल ट्रेडिङ्ग इन्स्टिच्युट प्रा.ली	महिलाहरुको क्षमता विकासका लागी आधारशिला तालिम	खानेपानी संरचना निर्माण	सिपमुलक तालिम	४०००००
३७१-०७८-३-३०	सनराइज टेक्निकल ट्रेडिङ्ग सेन्टर प्रा.ली	बाल अधिकार सम्बन्धी तालिम	फर्निचर	सिपमुलक तालिम	२९२०००
		जम्मा			१४७३५२७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६८			**खर्चको सार्वजनिकरण** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भरपाई, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने,नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्ताका गरेको खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्नेछ र आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिमतोकेको अवधिभित्र सामाजिक लेखापरिक्षण गर्नुपर्ने व्याबस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा उल्लेखित नियम अनुसार खर्च बैठकबाट अनुमोदन तथा सार्वजनिक गरेको प्रमाण खर्च साथ पेश भएन । कानुनको पालना गरि गराई खर्च मितव्ययी तथा पारदर्शी गर्नुपर्दछ ।	
६९			**गैर सरकारी संस्थाबाट काम गराएको** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.५ लाख भन्दा बढि रकमको खरिद एउटै, फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सवलिकरण, मूल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैर सरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा त्यस्तो कामको लागि लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गरी नियम ९९(२) बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सुचिमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको आर्थिक प्रस्ताव स्वीकृत गरी नियमावलीको नियम ९९ बमोजिम मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी वजेटलाई आधार बनाई कोटेशन माग गरी निम्नानुसार संस्थाबाट जनचेतना सम्बन्धी तालिम संचालन गरेकोमा त्यस्ता संस्थाहरुले बिजक जारी नगरी विविध किसिमका खुद्रा बिल भर्पाईहरु संलग्न गरी हिसाब फरफारक गर्ने गरेको पाइयो । यसरी खर्च गर्दा कार्यक्रम मितब्ययी तरीकाले भयो भन्न सक्ने अवस्था समेत रहेन । सो काम गराउन सक्ने क्षमता तथा अन्य विषयहरु यकिन नगरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।	

भौ.नं./मिति	फर्मको नाम	कार्यक्रम	रकम
९१-०७७-१२-०४	राष्ट्रिय मानव सुचना तथा संचार केन्द्र	बालबिबाह सम्बन्धि तालिम	५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

९२-०७७-१२-०४	एकिकृत ग्रामिण विकास केन्द्र	बालबिबाह मुक्त वडा धोषणा	५००००
१५४-०७८-१-०८	उज्वल भविष्य	महिलाहरुको क्षमता विकासका लागी आधारशिला तालिम	५००००
१८४-०७८-०२-१	पिछडिएको समाज उत्थान संस्था	साबुन बनाउने तालिम	२०००००
१८३-०७८-१-२८	तराई मधेश उत्थान समाज नेपाल	साबुन बनाउने तालिम	५०००००
२४१-०७८-३-१४	उधमशिलता महिला सशक्तिकरण नेपाल	महिला सशक्तिकरण	३०००००
३०१-०७८-३-२४	सामाजिक बिकास संस्था नेपाल	महिला सशक्तिकरण	५०००००
३७३-०७८-३-३०	मानव बिकास केन्द्र	महिला पुरुष समबिकास तालिम	४०००००
३७२-०७८-३-३०	शितल टेक्निकल ट्रेडिङ्ग इन्स्टिच्युट प्रा.ली	महिलाहरुको क्षमता विकासका लागी आधारशिला तालिम	४०००००
३७१-०७८-३-३०	सनराइज टेक्निकल ट्रेडिङ्ग सेन्टर प्रा.ली	बाल अधिकार सम्बन्धी तालिम	२९२०००
	जम्मा		४०९२०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७०			**अग्रिम कर** आयकर ऐन,२०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानीमा(मूल्य अभिवृद्धि करमा दर्ता नभएका) संस्थाहरुले भुक्तानी लिएको रकममा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसार संस्थाहरुले बिजक जारि नगरेको अवस्थामा अग्रिम कर रु. ४९६०२२। कट्टा गरी राजश्व दाखिला गर्नुपर्नेमा सो नगरेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.	४९६,०२२

भौ.नं./मिति	फर्मको नाम	कार्यक्रम	रकम	कर रकम	कर कट्टी रकम	नपुग अग्रिम कर
९१-०७७-१२-०४	राष्ट्रिय मानव सुचना तथा संचार	बालबिबाह सम्बन्धि तालिम	५०००००	७५०००	१४९००	६०१००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				केन्द्र						
			९२-०७७-१२-०४	एकिकृत ग्रामिण विकास केन्द्र	बालबिबाह मुक्त वडा धोषणा	५०००००	७५०००	१४९००	६०१००	
			१५४-०७८-१-०८	उज्वल भविष्य	महिलाहरुको क्षमता विकासका लागी आधारशिला तालिम	५०००००	७५०००	१४६५०	६०३५०	
			१८४-०७८-०२-१	पिछडिएको समाज उत्थान संस्था	साबुन बनाउने तालिम	२०००००	३००००	४१२५	२५८७५	
			१८३-०७८-१-२८	तराई मधेश उत्थान समाज नेपाल	साबुन बनाउने तालिम	५०००००	७५०००	९२००	६५८००	
			२४१-०७८-३-१४	उधमशिलता महिला सशक्तिकरण नेपाल	महिला सशक्तिकरण	३०००००	४५०००	८५८५	३६४१५	
			३०१-०७८-३-२४	सामाजिक बिकास संस्था नेपाल	महिला सशक्तिकरण	५०००००	७५०००	१४३१८	६०६८२	
			३७३-०७८-३-३०	मानव बिकास केन्द्र	महिला पुरुष समबिकास तालिम	४०००००	६००००	१५५००	४४५००	
			३७२-०७८-३-३०	शितल टेक्निकल ट्रेडिङ्ग इन्स्टिच्युट प्रा.ली	महिलाहरुको क्षमता विकासका लागी आधारशिला तालिम	४०००००	६००००	१२२००	४७८००	
			३७१-०७८-३-३०	सनराइज टेक्निकल ट्रेडिङ्ग सेन्टर प्रा.ली	बाल अधिकार सम्बन्धी तालिम	२९२०००	४३८००	९४००	३४४००	
				जम्मा		४०९२०००	६१३८००	११७७७८	४९६०२२	
७१			**अमानतबाट कार्य**							१,५३७,९३९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९८(१)मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ । बिभिन्न वडाको सिफारिसमा वडा अध्यक्ष, सचिव एवं अन्य कर्मचारी मार्फत अमानतमा गराएको कामको मूल्यांकन गरी सम्बन्धित वडा अध्यक्ष तथा कर्मचारीलाई भुक्तानी दिएको देखिन्छ । अमानतबाट काम गराउनु पूर्व स्वीकृति लिएको देखिदैन । कार्यालयले निर्माण सम्वन्धी सामाग्री खरिद गरी ज्यालामा काम गराउन पर्नेमा सो नगरी कार्यालयले उपभोक्ता समितिलाई कार्य गर्ने दर विष्लेषणको दरमा वडा अध्यक्ष तथा कर्मचारी मार्फत विभिन्न फर्मबाट सामान खरिद गरी सोही विलको आधार र डोर हाजिरी संलग्न गरी प्राविधिक विलको आधारमा रु.१५३७९३९। भुक्तानी दिएको नियमित नदेखिएको रु	

भौ नं ।मिति	पदाधिकारी । कर्मचारी	कामको विवरण	रकम
१७-०७७-९-१६	वडा सचिब माया देबी खत्री	ग्राभेल कार्य	७३७६०
३४-०७७-१०-६	वडा सचिब राम एकवल राय	सामान खरिद	११४२२०
३१-०७७-१०-०४	बजार ठेकेदार पप्पु कुमार यादव	ग्राभेल कार्य	३४६३००
४२-०७७-१०-२१	वडा सचिब रामपृत सिंह	पम्प जडान	७१९४७
६४-०७७-११-१७	माया देबी खत्री	ग्राभेल कार्य	४९८१६
८५-०७७-१२-०२	माया देबी खत्री	कम्पाउण्ड वाल	४५०००
१९१-०७८-२-१६	भिखारी राउत	वाइरिङ्ग कार्य	६७८५८
२०३-०७८-२-३०	गौरी शंकर राउत	भवनको रंगरोगन	९०९९८
२०१-०७८-२-३०	रामचन्द्र गोसाई	ग्राभेल कार्य	९३६१५
२५३-०७८-३-१८	माया देबी खत्री	ग्राभेल कार्य	९६५६५
२७९-०७८-३-२२	उमेश कुमार वस्नेत	ग्राभेल कार्य	९८४६०
२९९-०७८-३-२४	राम एकबल राय	चौतारा ढलान	९७५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(continued table below)	
७२			**सफ्टवेयर खरिद** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सफ्टवेयर सोझै खरिद गरी देहाय बमोजिम रु.५८७७००। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्टवेयर स्वीकृति लिई सम्बन्धित परामर्शदाताबाट सम्झौता अनुसार प्रयोग भएको सुनिश्चित गर्नुपर्ने रु.	५८७,७००

२८१-०७८-३-३०	देवेन्द्र कुमार मल्लिक	ग्राभेल कार्य	१९४४००
३२०-०७८-३-२८	भिखारी राउत	सडक ढलान	९७५००
	जम्मा		१५३७९३९

भौ.नं./मिति	फर्मको नाम	सफ्टवेयर	रकम
६-०७७-८-१८	सफ्टेक इन्फोसिस प्रा.ली	एकिकृत कर संकलन प्रणाली जडान	४५२०००
५-०७७-८-१८	सिजिजन एनफोटेक प्रा.ली	दर्ता चलानी सुचना प्रणाली	१३५७००
	जम्मा		५८७७००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७३			**खरिद तथा जडान** खरिद भएका निर्माण सामाग्री प्रयोग भएको प्राविधिक विल पेश गर्नुपर्दछ । कार्यालयले रु.१९३३७४१। वरावरको ह्युमपाइप तथा बिधुत सामाग्री सोझै खरिद गरी खर्च गरेको तथा खरिद भएका सामान प्रयोग भएको प्राविधिक विल समेत खर्च साथ संलग्न भएको नदेखिएकोले प्रयोगको प्राविधिक विल तथा नापि किताब पेश गरी सिमा भन्दा बढि हुने गरी खर्च लेखेको रकम अनियमित देखिएको रु.	१,९३३,७४१

भौ.नं./मिति	फर्मको नाम	विवरण	रकम
२०७-०७८-२-३०	प्रयाग सप्लायर्स	ह्युम पाइप ३० मि.मि ५२ थान	४८४७७०
१९५-०७८-२-२१	जानकी सप्लायर्स	बिधुत सामाग्री	४९५४८९
४८-०७७-१०-२३	जानकी सप्लायर्स	बिधुत सामाग्री	४५४३०५
३०२-०७८-३-२५	पिन्टी ट्रेडर्स	वाईफाइ जडानको लागी सामान खरिद	४९९१७७
	जम्मा		१९३३७४१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७४			**लागत अनुमान** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार गर्दा कोटेसनलाई मात्र आधार लिएको छ । नियमावलीमा भएका व्यवस्थाहरुको पालना नगरी लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले कानुनको पालना कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	

भौ नं मिति	फर्मको नाम	कामको विवरण	रकम

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				१५३-०७८-१-०८	मनिषा कम्प्युटर एण्ड इम्टरप्राईजेज	फर्निचर	४९७२००		
				१६०-०७८-१-०९	स्काई राइज ट्रेडिंग कन्सर्न	सिसिटिभि जडान	४९३६२९		
				१५६-०७८-१-०८	लक्ष्मि सप्लायर्स एण्ड कन्ट्रक्सन	इन्भटर ब्याट्री	४५४०९०		
				३३०-०७८-३-२८	अल्पना सप्लायर्स	मेशिनरी औजार	४९५५०५		
				२७१-०७८-३-२१	गणेश स्टेशनरी सेन्टर एण्ड जेनरल सप्लायर्स	स्टेसनरी बितरण	४९८६४६		
				२६५-०७८-३-२०	खुश्बु ट्रेडर्स	स्टेसनरी बितरण	४९९००८		
				२६६-०७८-३-२०	अनमोल मेडिकल हल	सेनिटरी प्याड	४९९८२७		
				२७०-०७८-३-२१	सकु एग्रोभेट	तरकारी किट	५०००००		
				२६४-०७८-३-२०	चन्दन कृषि एग्रोभेट	स्प्रे टंकी	४९९९८०		
					जम्मा		४४३७८८५		

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७५</td><td></td><td></td><td>विजकको ढाँचा
मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अथवा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । निम्न बमोजिमका फर्महरुलाई निम्न बमोजिमको कामको भुक्तानी गर्दा कैफियत रहेको विजकको भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर रु १२०९९७। सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको र कारोवार अंक समेत खुल्ने गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर नं. मिति</th><th>फर्मको नाम</th><th>बिल रकम</th><th>मूल्य अभिवृद्धि कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>८३-०७७-११-२०</td><td>गणपती गणेश सप्लायर्स</td><td>२९९७६०</td><td>३४४८५</td><td>विजक नम्वर ००४ केरमेट बिल भएको</td></tr>
<tr><td>६-०७७-८-१८</td><td>सफ्टेक इन्फोसिस प्रा.ली</td><td>४५२०००</td><td>५२०००</td><td>विजक फोटोकपी बिल भएको</td></tr>
<tr><td>६-०७८-३-३०(प्रकोप)</td><td>चन्द्र मेडिकल होल</td><td>२९९९९०</td><td>३४५१२</td><td>विजक नम्बर १५२-०७८-३-१५ हस्तलिखित रहेको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१२०९९७</td><td></td></tr>
</table></td><td>१२०,९९७</td></tr>
<tr><td>७६</td><td></td><td></td><td>सोलार
मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा(३) मा कर छुट हुने बस्तु तथा सेवाहरुको उल्लेख भए बमोजिम अनुसुचीमा सोलार प्यानलमा मूल्य अभिबृद्धि कर नलाग्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी गो.भौ.नं. ६-०७८-३-२४(बिबिध खर्च खाता) बाट शुभकामना कन्ट्रक्सनबाट सोलार जडान कार्य गरी रु.१८६५१७८ । भुक्तानी गरेकोमा सोलार प्यानलमा रु.२८००००। मूल्य अभिबृद्धि कर रु.३६४००। समेत समावेश भई भुक्तानी भएको छ । अत उल्लेखित व्यवस्था अनुसार सोलार प्यानलमा मूल्य अभिबृद्धि कर नलाग्ने देखिएकोले सम्बन्धितबाट सो रकम असुल गर्नुपर्ने रु.</td><td>३६,४००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७७</td><td></td><td></td><td>अनुगमन भ्रमण तथा बिबिध खर्च
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउन पर्ने व्यवस्था, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०(२) मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफु कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउँमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५% रकम उपलब्ध गराउन मिल्ने अवस्था देखिएको साथै कार्यालयले उल्लिखित व्यवस्था अनुसार मितव्ययिता नीति अवलम्बन नगरी गोश्वारा भौचर नम्बर १०७,१५८,३८३ र २४६ बाट रु. ३७९९७४।(कर कट्टी बाहेक) नगर भित्र संचालन भएका योजना अनुगमन गरेको जनाई खर्च लेखेको रु.</td><td>३७९,९७४</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>जिल्ला दररेट भन्दा बढि दरको प्रयोग
सार्वजनिक खरिद नियमावली, २०६४ मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार सामानको लागत अनुमान तयार गर्दा जिल्ला दररेटले तोकेको भन्दा भिन्न दररेट राखि लागत अनुमान तयार गरेको र लागत अनुमानको हाराहारी नै खर्च भई फर्म लाई रु.४०३१६४। बढि भुक्तानी भएको छ । बढि भुक्तानी भएको देखिएको रु.
<table>
<tr><th>sभौ नं मिति</th><th>फर्मको नाम</th><th>विवरण</th><th>परिमाण</th><th>जिल्ला दर</th><th>प्रयोग दर</th><th>बढि दर</th><th>बढि भुक्तानी(मू.अ.कर समेत)</th></tr>
<tr><td rowspan="2">२१-०७७-९-२६</td><td rowspan="2">जानकी सप्लायर्स</td><td>0.05 sq.inch.ACSR conductor</td><td>१८२००</td><td>४७</td><td>५८.२९</td><td>११.२९</td><td>२३२१९०</td></tr>
<tr><td>0.03 sq.inch.ACSR conductor</td><td>१३०५०</td><td>३४</td><td>३५.५८</td><td>१.५८</td><td>२३२९९</td></tr>
<tr><td>७३-०७७-११-१९</td><td>शुभकामना सप्लायर्स</td><td>पि.एस.सि पोल ८ मिटर</td><td>१३८</td><td>८०००</td><td>८९४७</td><td>९४७</td><td>१४७६७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>४०३१६४</td></tr>
</table></td><td>४०३,१६४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७९</td><td></td><td></td><td>
स्ट्रीट लाइट
सार्वजनिक खरिद नियमावली: २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम उपनियम ४ अनुसार दररेट निर्धारण समितीले निर्धारण गरेको दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने, दररेट निर्धारण समितिले दररेट उपलब्ध नभएकोमा निर्माणस्थल नजिकैको सम्बन्धित सरकारी कार्यालय वा सरकारी स्वामित्व भएको संस्थान, प्राधिकरण, निगम वा यस्तै प्रकृतिका अन्य संस्थाले तोकेको दरभाउ वा उद्योग वाणिज्य संघले दिएको दरभाउ, भाडा वा ज्यालाको आधारमा निर्धारण गर्नुपर्ने, उपनियम ४ बमोजिम दरभाउ, भाडा वा ज्याला समेत उपलब्ध हुन नसकेको अवस्थामा त्यस्तो दररेट निर्धारण गर्दा विभागिय प्रमुखले तोकिदिएको दरभाउ, भाडा वा ज्यालाको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लिखित व्यवस्थाको पालना नगरी स्ट्रिट लाईट जडानका लागि आवश्यक पर्ने सामाग्रीको लागत अनुमान फर्म संग कोटेसन मागेको दरको आधारमा मात्र लागत अनुमान तयार गरेको छ । जसबाट स्वीकृत लागत अनुमान मितव्ययी हुने किसिमबाट तयार भएको थियो भन्न सकिएन । लागत अनुमान तयार गर्दा पर्याप्त आधार तथा प्रमाण संलग्न गरी खरिद कार्य मितव्ययी बनाउनुपर्दछ ।
<table>
<tr><th>भौ नं मिति</th><th>फर्मको नाम</th><th>कामको विवरण</th><th>संख्या</th><th>लागत अनुमान</th><th>कबोल अंक</th></tr>
<tr><td>४८-०७७-१०-२३</td><td>जानकी सप्लायर्स</td><td>सडक बत्ती</td><td>२</td><td>४५७६०५</td><td>४५४३०५</td></tr>
<tr><td>७९-०७७-११-२०</td><td>जय माँ दुर्गा जेनरल सप्लायर्स</td><td>सडक बत्ती</td><td>२</td><td>४५५३३१</td><td>४५५३३१</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४</td><td></td><td>९०९६३६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>
प्रमाण
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल,भरपाई,प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित ब्याबस्था पालना नगरी भौ नं मिति ३८०-०७८-३-३० बाट रु. ९५०००। प्रयोजन समेत नखुलाई बिबिध खर्च लेखेको छ । खर्च गर्नुपर्ने प्रयोजन तथा आधार पेश गर्नुपर्ने रु.
</td><td>९५,०००</td></tr>
<tr><td>८१</td><td></td><td></td><td>
मालसमानको निरिक्षण
सार्वजिनक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिमका भए नभएको निरिक्षण वा परिक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुसार फर्मवाट आपुर्ती गरेका स्ट्रिट लाइट स्पेसिफिकेसन अनुसार भए नभएको प्राविधिक नाप जाँच गरेको छैन ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८२			**योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण** स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजनासमेत तयार गर्नुपर्ने र पालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले योजनाबद्ध रुपमा संचालित योजना अनुगमन तथा सुपरिवेक्षण कार्यान्वयन गरेको देखिएन । यसरी योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कार्य ऐनले निर्दिष्ट गरेबमोजिम तोकिएको पदाधिकारीबाट नगराउँदा साधनस्रोतको अधिकत्तम उपयोग , सेवा प्रवाह तथा कामको गुणस्तरमा सन्तुलन तथा नियन्त्रणको मान्यता अनुरुप प्रभावकारी हुन नसक्ने तर्फ जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्दछ ।	
८३			**कृषि तालिम** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल,भरपाई,प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित ब्याबस्था अनुसार गो.भौ.न ३७८-०७८-३-३० बाट मिति २०७८-३-१९ देखि २०७८-३-२५ संम भिखारी राउत बाट कृषि तालिम संचालन गराई रु. १९९०००। भुक्तानी गरेकोमा उक्त तालिम कार्यक्रममा प्रशिक्षक श्री महिन्द्रा कुशवाहा ले ७ सेसन लिएको जनाएकोमा निजले तालिम कार्यक्रममा सेसन नलिनुका साथै रकम पनी नबुझेको देखिएकोले उक्त कार्यक्रम नै भएको हो भन्न सक्ने अवस्था देखिएन । लेखापरीक्षणको क्रममा महिन्द्रा कुशवाहा लाई सोधनी गर्दा उक्त कार्यक्रम बारे जानकारी नभएको जनाएको अवस्था छ । कार्यक्रम भए नभएको छानबिन गरी सम्बन्धितलाई जिम्मेवार बनाई उक्त रकम असुल फस्यौट गर्नुपर्ने रु.	१९९,०००
८४			**इटा उधोग** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल,भरपाई,प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित ब्याबस्थाको पालना नगरी गो.भौ.न २३-०७७-८-२९ बाट कार्यपालिकाले निर्णय गरी नवराज फिक्स ईटा उधोग लाई माटो,ईटाको टुक्रा र ग्राभेल कार्य गर्नको लागी उपलव्ध गराएकोमा उक्त फर्मले रु. ६१३८३०। कार्य प्रतिस्पर्धा बेगर ५ लाख भन्दा बढिको सोझै कार्य गर्न दिएको अनियमित देखिएकोले उक्त रकम नियमित गर्नुपर्ने रु.	६९३,३२८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८५			**ओभरहेड** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने र उल्लेखित लागत अनुमानमा ओभरहेड राख्न मिल्ने अबस्था देखिदैन । कार्यालयले निम्नानुसार सामान खरिद कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड राखी सिलबन्दी दरभाउ पत्र र सोझै खरिद गरी रु.६४७२५२। ओभरहेड भूक्तानी भएको छ । ओभरहेड बापत भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.	६४७,२५२

भौ नं मिति	फर्मको नाम	कामको विवरण	लागत अनुमान	कबोल अंक	ओभरहेह रकम(मू.अ.कर समेत)
२१-०७७-९-२६	जानकी सप्लायर्स	बिधुत तार खरिद	१९९९९६१	१९९६१०४	२९४७७६
४८-०७७-१०-२३	जानकी सप्लायर्स	सडक बत्ती	४५७६०५	४५४३०५	५९२५७
७९-०७७-११-२०	जय माँ दुर्गा जेनरल सप्लायर्स	सडक बत्ती	४५५३३१	४५५३३१	५९३९१
७३-०७७-११-१९	शुभकामना सप्लायर्स	बिधुत पोल	१७९२६९०	१७८३९५४	२३३८२८
		जम्मा			६४७२५२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८६</td><td></td><td></td><td>बहाल कर
स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र भित्र स्थानिय तहले संकलन गर्न सक्ने कर दफा ५५ देखि ६२ (ख) तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ३ को उपदफा (३) सँग सम्बन्धित अनुसूची ३ मा स्थानीय तहले लगाउन सक्ने कर तथा गैरकर उल्लेख भएबमोजिम सवारी बहाल कर स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको देखिँदैन । कार्यालयले यस वर्ष विभिन्न उपभोक्ता समितिहरुले निर्माण कार्य गर्दा प्रयोग गरेको डोजर भाडामा कट्टी गरेको सवारी वहाल कर पुजिगतमा रु.७०१९३०। कट्टी गरी स्थानीय संचितकोषमा जम्मा गरेकोले अधिकार क्षेत्र भन्दा भिन्न रहेको कर रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर नं. मिति</th><th>बहाल कर</th></tr>
<tr><td>१६</td><td>३८१००</td></tr>
<tr><td>१७</td><td>६०००</td></tr>
<tr><td>३८५</td><td>६२४७८०</td></tr>
<tr><td>३८६</td><td>१५३००</td></tr>
<tr><td>३८७</td><td>१७७६०</td></tr>
<tr><td>जम्मा</td><td>७०१९३०</td></tr>
</table></td><td>७०१,९७०</td></tr>
<tr><td>८७</td><td></td><td></td><td>बिबिध खर्च
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले बजेट तथा नीति तथा कार्यक्रम तयार गर्दा प्रस्तावित बजेट तथा कार्यक्रममा बिबिध खर्चमा निम्नानुसार रु.२०५००००। आवश्यकता पहिचान तथा स्थान एकिन नगरी एकमुष्ट बजेट विनियोजन गरी नगर प्रमुख तथा कार्यपालिकाको निर्णय अनुसार पटक पटक निर्णय गरी रु.१९७८१०६। खर्च गरेको छ । नगरसभाबाट विस्तृत रुपमा योजनागत तथा कार्यक्रमगत रकम बाँडफाँड नगरी एकमुष्ट रुपमा बजेट विनियोजन गरी नगर प्रमुखले पटक पटक निर्णय गरी बिभिन्न भौचरबाट खर्च गरेकोले खर्च पारदर्शी, मितब्ययी र प्रभावकारी छ भन्न सकियन । अतः यसरी खर्च गरेको रकम नियमित नदेखिएको रु.</td><td>१,९७८,१०६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८८			**अन्य सार्बजनिक निर्माण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले बजेट तथा नीति तथा कार्यक्रम तयार गर्दा प्रस्तावित बजेट तथा कार्यक्रममा अन्य सार्बजनिक निर्माण खर्चमा रु.८०७२६९६। आवश्यकता पहिचान तथा स्थान एकिन नगरी एकमुष्ट बजेट विनियोजन गरी नगर प्रमुख तथा कार्यपालिकाको निर्णय अनुसार पटक पटक निर्णय गरी रु. ७९६६९२१। खर्च गरेको छ । नगरसभाबाट विस्तृत रुपमा योजनागत तथा कार्यक्रमगत रकम बाँडफाँड नगरी एकमुष्ट रुपमा बजेट विनियोजन गरी नगर प्रमुखले पटक पटक निर्णय गरी बिभिन्न भौचरबाट खर्च गरेकोले खर्च पारदर्शी, मितब्ययी र प्रभावकारी छ भन्न सकियन । अतः यसरी खर्च गरेको रकम नियमित नदेखिएको रु.	७,९६६,९२१
८९			**बिल भर्पाईः** ३९२-०७८/३/२२ बाट २०० थान त्रिपाल रु ३३२६७२ मा रौनक सप्लायर्सबाट खरिद गरेकोमा के प्रयोजनको लागि खरिद गरिएको हो र कसलाई बितरण गरिएको हो खुल्न सकेन । तसर्थ बितरणको भर्पाई पेश गर्नुपर्ने रु	३३२,६७२
९०			**मर्मत खर्च** पालिकाले गो.भौ.नं. १५ मिति २०७८/३/३१ बाट जयसवाल मो .सा. स्पेयर पार्टस लाई रु १४०००० भुक्तानी गरेकोमा कुन गाडी मर्मत गरेको नखुलेको , मर्मत आदेश र मर्मत अभिलेख संलग्न गरेको पाइएन । खर्च लेख्दा पुष्ट्याई हुने कागजात संलग्न नगरेकोले सो को मर्मत आदेश र मर्मत अभिलेख समेत पेश गर्नुपर्ने रु	१४०,०००
९१			**बिल भर्पाई** पालिकाले गो.भौ.नं. १३ मिति २०७८/३/३० मा स्वर्णिम मल्ट मिडिया प्रालिलाई रु ८०२८० भुक्तानी गरेकोमा सो को बिल भर्पाई संलग्न गरेको पाइएन । खर्च पुष्टि हुने बिल भर्पाई संलग्न गर्नुपर्ने रु	८०,२८०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९२			**विभिन्न कट्टि** जनता आ.वि.भवन निर्माण कार्यः पालिकाले यस भवन निर्माण गर्न आर.के. कन्स्ट्रक्सन सँग मिति २०७७/३/३१ भित्र कार्य सम्पन्न गर्ने गरी रु ५९२३७७३.७० को सम्झौता गरेको भएतापनि उक्त अवधिभित्र कार्य सम्पन्न भएको पाइएन । सयममा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई पूर्व निर्धारित क्षतिपूर्ति लिई कानून बमोजिम जिम्मेवार बनाईनुपर्दछ पालिकाले उक्त निर्माण व्यवसायीलाई गो.भौ.नं. ५-०७८/२/१० मा रु १५०००००.०० भुक्तानी दिएकोमा धरौटी, अग्रिम कर, तथा ३० प्रतिशत मू.अ.कर कट्टि नगरी भुक्तानी गरेको पाइयो । प्रत्येक भुक्तानीमा सार्वजनिक खरिद कानूनले तोकेको कट्टि रकमहरु कट्टी नगरेको देखिएकोले उक्ता भुक्तानीमा कट्टि गर्नुपर्ने ३० प्रतिशत मूं.अ.कर रु ५८५००, ५ प्रतिशत धरौटी रु ७५०००, र १.५ प्रतिशत अग्रिम कर रु २२५०० गरी कुल रु १५६००० सम्बन्धीत राजस्व खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु	१५६,०००
९३			**एकमुष्ठ पेश्की** पालिकाले वडा न. ५ को जनता मा.वि.भवन निर्माण कार्यका निर्माण व्यवसायीलाई सम्जौता रकम रु १६६३२००७.२६ को १९.२४ प्रतिशत रकमले हुने रु ३२०००००.०० पेश्की दिएको पाइयो । सार्वजनिक खरिद नियमावली २०६४ मा निर्माण व्यवसायीलाई पहिलो पटक १० प्रतिशत सम्म र बाँकी १० प्रतिशत कार्य प्रगतिको आधारमा पेश्की दिन सकिने व्यवस्था भएतापनि पालिकाले एकमुष्ठ २० प्रतिशत पेश्की दिएको पाइयो । यसरी पेश्की दिने प्रवृतिमा सुधार हुनुपर्दछ ।	
९४			**कार्य सम्पन्न प्रतिवेदन** पालिकाले गो.भौ.नं. ८ मिति २०७८/३/२९ बाट विद्यालय भवन निर्माणको लागि रोहुवा/जगन्नाथ राजकुमारी प्रा.वि. र जनता मा.वि. रामवनलाई क्रमशः रु २५००००० र रु ३२००००० गरी कुल रु ५७००००० निकासा दिएको पाइयो । निर्माण व्यवसायीलाई समयमै कार्य गराई प्राविधिकको मूल्यांकनको आधारमा आयोजना फरफारक गर्नुपर्नेमा नगरी समयमै कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम जिम्मेवार नबनाई संघीय बजेट फ्रिज हुने भयले विद्यालयको खातामा पेश्कीको रुपमा निकासा गरेको पाइयो । यसरी कानूनले तोकेको भन्दा फरक तरिकाबाट रकम भुक्तानी तथा निकासा गर्ने कर्मचारीलाई जिम्मेवार बनाइनुपर्दछ । उक्त निकासा बमोजिम नापि किताब र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु	५,७००,०००
९५			**समपुरक अनुदान** पालिकालाई यो बर्ष समपुरक अनुदानबापत रु ६४,००,०००.०० प्राप्त भएकोमा सबै रकम खर्च गरेको पाइयो । यसरी खर्च गर्दा पालिकाले आफ्नो तर्फबाट कुनै बजेट योगदान नगरी संघ तर्फको रकम मात्र खर्च गरेको देखिएकोले समपुरक अनुदान कार्यविधि अनुसार ५० प्रतिशत योगदान रु ३२००००० नगरपालिकाले व्यहोर्नुपर्नेमा व्यहोरेको पाइएन । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९६			**उपभोक्ताको काम** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्वेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्वेश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।	
९७			**मेसिनको प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ । साथै लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको छ । यसबाट उपभोक्ताको योगदान सुनिश्चित गर्न सक्ने आधार भएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९८			**परामर्श सेवा** सार्वजनिक खरिद नियमावली, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले रु. १ लाख भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, त्यसैगरि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० बमोजिम सार्वजनिक निकायले रु.२० लाख रुपैंया भन्दा बढि मूल्यको परामर्श सेवा खरिद गर्न कम्तीमा १५ दिनको अवधि दिई आशय पत्र माग गरि संक्षिप्त सुचि तयार गर्नुपर्ने, संक्षिप्त सुचि तयार भएपछि सार्वजनिक निकायले सो सुचिमा रहेका आशयपत्र दाताहरुलाई प्रस्ताव सम्बन्धि कागजात हुलाक, कुरियर वा व्यक्ति मार्फत पठाई कम्तिमा ३० दिनको समय दिई निजहरुलाई आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले निम्न कार्यहरु टुक्रा गरेर विभिन्न फर्महरुबाट प्रस्ताव माग गरि खर्च गरेको छ । एकै प्रकृतीको परामर्शसेवा लिनेकार्य एकै पटकमा प्रतिस्पर्धा गराई खरिद गर्नुपर्नेमा टुक्रा पारी खरिद गरी रु.३९७६४६३। भुक्तानी भएकोले सो रकम नियमित गर्नुपर्ने रु.	३,९७६,४६३

भौचर नं. मिति	संस्था	कार्य	भुक्तानी रकम
२९४-०७८/३/१	सौर्या इन्जिनियरिङ्ग एण्ड इन्फ्रास्टक्चर कम्पनी प्रा.लि.	सौर्य सडक बत्ती/सौर्य सिचाई डिपिआर	४९७२००
३०८-०७८/३/४	एस.एम.इन्जिनियरिङ्ग कन्सल्टेन्सी	नगरपालिका भवनको डिपिआर	१९९८९६३
३१०-०७८/३/४	डि.जि. इन्जिनियरिङ्ग कन्सल्टेन्सी	१५ शैया अस्पतालको डिपिआर	१९७७५००
जम्मा			३९७६४६३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९९			**चालुबाट पूँजिगत प्रकृतिको खर्च** पूँजिगत प्रकृतिको खर्चः पालिकाले निम्नानुसारको पुँजिगत प्रकृतिको कार्य गराइ चालु शिर्षकबाट भुक्तानी दिएको पाइयो । यसरी चालुबाट पूँजिगत खर्च लेख्दा बास्तविक चालु र पूँजिगत खर्चको तथ्यांक प्राप्त नहुने हुदा यसरी खर्च लेख्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ । गो.भौ.नं. मिति | आयोजना | रकम २७८-०७८/२/८ | वडा नं. १२ मा माटो पुर्ने काम | ७८०००० २७९-०७८/२/८ | वडा नं. २ मा सडक ढलान | १४६२५०० २८०-०७८/२/८ | वडा नं. २ मा सडक ढलान | ९७५०००	
१००			**शिक्षक तलबी प्रतिवेदन** शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार स्थानीय तहले सम्वन्धित स्थानीय तह अन्तर्गतका बिद्यालयहरुमा तत्काल रहेको शिक्षकहरुको दरवन्दी सम्बन्धी विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट एकिन गर्नुपर्ने उल्लेख छ । साथै सोको आधारमा विवरणमा उल्लेखित शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षक कितावखानाबाट पारित गराएर मात्रै सोको आधारमा बिद्यालयको तलवी माग फारम समेत रुजु गरी शिक्षक तलव सम्बन्धित बिद्यालयको खातामा निकासा दिनुपर्ने ब्यवस्था छ । पालिकाले यो बर्ष पालिका अन्तर्गत स्थायी र अस्थायी शिक्षक, राहत शिक्षकहरुको तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइएकोले शिक्षकहरुको तलव, ग्रेड रकम एवं भत्ता एकिन गर्न सकिएन । अतः तलवी प्रतिवेदन पारित गरेर मात्रै खर्च गर्नुपर्ने देखिन्छ ।	
१०१			**बिद्यालयगत निकासा** पालिकाले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरवन्दी र राहात कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको बिद्यालयगत स्थिति स्पष्ट हुन सकेन । अत बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०२			**कट्टी रकम** बिद्यालयहरुले त्रैमाशिक निकासा माग फाराम पेश गर्दा अघिल्लो चौमासिकको तलब भत्ता वितरण गर्दा हाजिरी विवरण, कट्टी भएको सा.सु.कर, पारिश्रमिक कर, ना.ल.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने ब्यवस्था छ । बिद्यालयहरुले त्रैमाशिक निकासा माग फाराम पेश गर्दा अघिल्लो चौमासिकको हाजिरी विवरण, तलब भत्ता वितरण गर्दा कट्टी भएको सा.सु. कर, पारिश्रमिक कर, ना.ल. कोष कट्टी, क.सं.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण पेश गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने बिश्वस्त आधार भएन । उल्लेखित कमजोरी समयमै सुधार हुनुपर्दछ ।	
१०३			**दरवन्दी मिलान** शिक्षा नियमावलीले ब्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको संख्या एकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कूनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकाोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा दिएको रकम वास्तबिक हो भनी एकिन गर्न सकिएन ।	
१०४			**प्राविधिक ग्रेड** शिक्षा बिभागको कार्यक्रम कार्यन्वयन निर्देशिका २०७७ अनुसार प्राबिधिक धार सञ्चालन भएका बिद्यालयका प्राबिधिक शिक्षकलाई प्राबिधिक ग्रेड वापत रु.३००० का दरले १० महिनाको मात्र दिने भनी उल्लेख भएकोमा यस कार्यालयबाट ६६००० लाई १२ महिनाको ग्रेड निकासा भएको पाइएकोले वढी निकासा भएको रकम असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु	६६,०००

विद्यालयको नाम	वापत	रकम
श्री वेणी भोला न मा वि	४ जना प्राविधिक ग्रेड	२४०००
श्री जनता मा वि	७ जना प्राविधिक ग्रेड	४२०००
जम्मा		६६०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०५			**शिक्षण सिकाईमा ICT को प्रयोगका लागि अनुदान** स्थानीय तहले इन्टरनेट पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी ती विद्यालयबाट प्रस्ताव माग गर्ने, विद्यालयले माध्यमिक तहमा गणित, अङ्ग्रेजी र विज्ञान विषय पढाइ रहेका कम्प्युटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवम् शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव पेश गर्ने, प्रस्तावहरुको मूल्याङ्कन गरी विद्यालयहरुको छनोट गर्ने, छनोट भएका विद्यालयहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी विषयका Kits र networking, internet आदि व्यवस्थापन गर्न लगाउदा आवश्यक फर्निचर, कम्प्युटर उपकरण सफ्टवेयर विद्युतीय अन्तरक्रियात्मक श्रव्य दृश्य सिकाई सामाग्री व्यवस्थापन गर्ने गरी प्रति विद्यालय ६ लाख ५० हजार एकमुष्ट अनुदान रकम उपलब्ध गराउने व्यवस्था छ । पालिकाले शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव माग र सो उपर मूल्याङ्कन नगरी ICT अनुदान निकासा रु.३९००००० र पुस्तकालय अनुदान रु. ६५००००। निम्न ७ विद्यालयहरुलाई उपलब्ध गराएको छ । यसरी सम्बन्धीत विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव व्यवथापन, शिक्षामा नविन प्रविधि प्रयोग तथा पुस्तकालय स्थापना भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु	४,५५०,०००

विद्यालयको नाम	कार्यक्रम	रकम
श्री नारायण मा वि	ICT अनुदान	६५००००
श्री सरस्वती देवि कुशवाह सा.आ.वि	ICT अनुदान	६५००००
श्री राम जानकी आ वि	ICT अनुदान	६५००००
श्री जनता आ वि	ICT अनुदान	६५००००
श्री सा प्रा वि	ICT अनुदान	६५००००
श्री रामजानकी आ वि बगदहा	ICT अनुदान	६५००००
श्री जनता मा वि	पुस्तकालय अनुदान	६५००००
जम्मा		४५५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०६			**शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७७।७८ मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०७			**विद्यालय भौतिक पूर्वाधार निर्माण** स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित "कार्यक्रम कार्यान्वयन पुस्तिकामा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तरगतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्ना प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । उक्त पुस्तिकामा विद्यालय भौतिक निर्माण कार्यक्रम सञ्चालन गर्दा सम्झौता भएका विद्यालयहरुलाई प्राविधिकहरुले निरीक्षण गरी दिएको प्रतिवेदनका आधारमा पहिलो किस्ताका रुपमा कुल अनुदान रकमको ३०% रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताका रुपमा कुल अनुदान रकमको ५०% रकम अनुदान दिने र कार्यसम्पन्न गरे पश्चात नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताका रुपमा कुल अनुदान रकमको २०% रकम अनुदान दिने व्यवस्था छ । कार्यालयले डि जि आर के जे भि र आर के कन्सट्रक्शन लाई दिएको मोबिलाईजेसन पेश्की क्रमशः रु ३२००००० र १०००००० गरी रु ४२००००० पेश्की समयमै फर्स्यौट गर्नुपर्दछ । त्यस्तै कार्यालयले उपरोक्तानुसार विद्यालयसँग सम्झौता नगरी तथा नापी किताव एवं कार्यसम्पन्न प्रतिवेदन पेश नगरी वर्षान्तमा निम्नानुसार विद्यालयलाई दिएको एकमुष्ट रु. २७०१३५४९.०० पेश्की प्रदान गरेको छ । तसर्थ पेश्की रकम फर्स्यौट गर्नुपर्ने रु.	२७,०१३,५४९

विद्यालयको नाम	कार्यक्रम	रकम
श्री जनता आ वि जयपुर	४ कोठे भवन निर्माण	३६०००००
श्री भो क ज आ वि	Wash सहितको शौचालय निर्माण	७०००००
श्री वेणीभोला न मा वि	नमुना विद्यालय गुरुयोजना बमोजिम भौतिक निर्माण	१००००००००
श्री जनता न मा वि	नमुना विद्यालय गुरुयोजना बमोजिम भौतिक निर्माण	१००००००००
श्री श्रीमती सरस्वती देवि कुशवाह सा आ वि रामवन	भौतिक पूर्वाधार निर्माण	१२१३५४९
श्री नथुनी विजय प्रा वि पाठशाला	भौतिक पूर्वाधार निर्माण	१५०००००
जम्मा		२७०१३५४९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०८			**विज्ञान प्रयोगशाला अनुदान** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार विगतमा यस प्रकृतिको अनुदान नपाएका माध्यमिक विद्यालयहरुको पहिचान गरी प्रति विद्यालय ६ लाख ५० हजारको दरले विद्यालयलाई उपलब्ध गराउने, यसरी अनुदान दिदा विद्यालयको विद्यार्थी संख्या, जेष्ठता समेतलाई आधार मानी सुचि बनाउने, यसै गरी विज्ञान विषय पढाई भएका विद्यालय, प्राविधिक धार संचालित विद्यालय र नमुना विवद्यालयलाई प्रदान गर्ने तर यस प्रकृतिको बजेट विगत बर्षमा त्यस्ता विद्यालयले प्राप्त गरेको भए दोहोरो नदिने व्यवस्था छ । पालिकाले बिज्ञान प्रयोगशाला वापत रु.६५०००० निम्न श्री नारायण हरि मात्र्यमिक विद्यालयहरुलाई पेश्की निकासा दिएको छ । अत कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्थालाई ध्यानमा राखी निकासा दिए नदिएको एकिन हुन सकेन । अनुदान रकमको सुनिश्चितताको लागि अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ । .	
१०९			**दिवा दाजा कार्यक्रम**	
१०९.१			पालिकाले यस बर्ष सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं.२.७.११.१ अनुसार प्रति विद्यार्थी रु.१५ का दरले २५ वटा विद्यालयको पेश्की फर्स्यौट सहित रु.१,२९,८५,९८५ खर्च लेखेकोमा देखिएका व्यहोरा निम्नानुसार छन्ः	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०९.२			दिवा खाजा पेश्कीः पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं२.७.११.१ बमोजिम सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि प्रति विद्यार्थी प्रति दिन रु.१५ का दरले दिवा खाजा कार्यक्रम संचालन गर्न निम्न विद्यालयहरुलाई रु.२२७३००० पेश्की उपलब्ध गराएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७(५) अनुसार पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिन भित्र आफुले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । तर सामुदायिक विद्यालयहरुले लेखापरीक्षणको समय सम्म पनि पेश्की फर्स्यौट नगरेकोले उक्त पेश्की फर्स्यौट गर्नुपर्ने रु.	२,२७३,०००

क्रम	**कर्मचारीको/फर्म/संगठन नाम**	**पेस्की रकम**
१०९.२.१	श्री जनता नमुना मा वि सिमरा	५,००,०००
१०९.२.२	श्री जनता प्रा वि रोहुवा	१,००,०००
१०९.२.३	श्री प्रा वि मधुवनी	२,५०,०००
१०९.२.४	श्री सार्वजनिक प्रा वि रामवनटोला	२,००,०००
१०९.२.५	श्री जगन्नाथ राजकुमारी प्रा वि रोहुवा	३,००,०००
१०९.२.६	श्री प्रा वि बकैनियाटोला	१,६०,०००
१०९.२.७	श्री सार्वजनिक जनता आ वि	४,५०,०००
१०९.२.८	श्री जनता आ वि जयपुर	१,४३,०००
१०९.२.९	श्री रामजानकी आ वि बगदह	१,७०,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०९.३			अनुगमन प्रतिवेदनः सामुदायिक विद्यालयका कक्षा १ देखि ५ कक्षा सम्मका अध्ययनरत विद्यार्थीहरुको EMIS DATA सत्यापन गरी वास्तविक रुपमा कुल विद्यालयमा कति दिवा खाजा उपभोग गर्ने विद्यार्थीहरु छन्, पालिकाबाट कति निकासा भए, सम्बन्धित विद्यालयबाट कति रकम बारबरको दिवा खजा सेवा उपलब्ध गराए, EMIS DATA, विद्यार्थी हाजिरी भरपाई रिजल्ट सिटको आधारमा विद्यार्थी संख्या एकिन गरी पालिका शिक्षा समितिलाई समेतको निर्णयलाई आधार मानी कति दिन विद्यालय खुले सोको विवरण एकिन गरी खर्च फिर्ता गर्नुपर्ने भए पालिकाले दिवा खाजाको यथार्थ खर्चको प्रतिवेदन पेश गर्नुपर्दछ ।	
११०			**सेनिटरी प्याढ खरिद**	
११०.१			जिन्सी दाखिलाः पालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुका लागि खरिद गरिएका सेनिटरी प्याड सम्बन्धित विद्यालयले आ आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु.	२,२७२,८६५
११०.२			सेनिटरी प्याढ खरिदः सामुदायिक विद्यालयका छात्राहरुका लागि निशुल्क सेनिटरी प्याड वितरणका लागि यस बर्ष पालिकाले रु.२२७२८६५ श्री हनुमान ट्रेडर्सलाई भुक्तानी दिएकोमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन्ः	
११०.३			लागत अनुमानः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पुर्व नियम ११ मा उल्लेख भए अनुसार गत वर्ष यस्तै सामान खरिद गरेको भए त्यसको वास्तविक लागत, स्थानिय वजार दर, अन्य वजारको दर, उद्योग वाणिज्य संघले जारी गरेको दरको आधारमा लागत अनुमान तयार गरी सिलवन्दी दरभाउपत्र वा वोलपत्र वाट सामान खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले कुल बजेट खर्चलाई नै लागत अनुमान बनाएको देखियो । नियमावलीको व्यवस्था अनुसार लागत अनुमान स्वीकृत गराएर मात्र दरभाउपत्र माग गर्नुपर्दछ ।	
१११			**बैकल्पिक सिकाइ व्यवस्थापन खरिद तथा जडान**	
१११.१			बैकल्पिक सिकाइ व्यवस्थापन खरिद तथा जडानः पालिकाले कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रमका लागि बैकल्पिक सिकाईसँग सम्बन्धित प्रणालीसँग सम्बन्धीत कार्य खरिद तथा जडानको लागि इ-डिजिटल नेपाल प्रा.लि.लाई रु १८५३२००.०० भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छनः	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१११.२			सिकाइ व्यवस्थापन, लाइब्रेरी व्यवस्थापन, विद्यालय अनुगमन तथा मोबाइल एप जस्ता सफ्टवेयरको लागि सम्झौता गरेको भएतापनि त्यस्तो सफ्टवेयरमा हुनुपर्ने विशेषता सहितको कार्य क्षेत्रगत शर्तहरु लेखापरीक्षणको क्रममा उपलब्ध हुन नसक्दा शर्तहरु पालना भए नधएको एकिन गर्न सकिएन । साथै सम्बन्धीत प्राविधिकबाट सम्झौता अनुसार कार्य सम्पन्न भए नभएको मूल्यांकन नगराई सम्बन्धित फर्मले जारी गरेको बिजकको आधारमा भुक्तानी दिनु उचित देखिएन । तसर्थ उक्त कार्यक्रममा सम्झौता अनुरुप कार्य सम्पन्न भएको र उक्त सफ्टवेयरहरुले सोही अनुरुप कार्य गरे नगरेको सम्बन्धीत प्राविधिकबाट एकिन गराई प्रतिवेदन पेश गर्नुपर्ने रु	१,८५३,२००
१११.३			कुल ६ वटा कार्य आइटमको लागि रु १८५३२०० को लागत अनुमान तयार गरेकोमा सोही लागत अनुमान रकममा सम्झौता भई भुक्तानी भएको देखिन्छ । पालिकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ बमोजिमको आधार लिई लागत अनुमान तयार नगर्दा लागत अनुमान यथार्थपरक हुन सकेको देखिदैन । लागत अनुमानमा कमजोरी गर्ने सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।	
११२			**नीतिगत प्रशासनिक तथा व्यव्थापन** पालिकाले संघीय सर्शत चालुबाट प्राप्त भएको नीतिगत प्रशासनिक तथा व्यव्थापन शिर्षकमा प्राप्त भएको रकम गो.भौ.नं. २६३ मिति २०७८/३/३० मा विविध शिर्षकमा खर्च गरेको पाइयो । यसरी तोकिएको बिषयमा प्राप्त भएको सशर्त अनुदान सोही बिषयमा खर्च नभएमा संघीय सशर्त अनुदानमा फिर्ता गर्नुपर्नेमा नगरी प्रयोजन समेत नखुलाई चिया,नास्ता तथा खानाको बिल राखी खर्च गरेको अनियमित रु	१००,०००
११३			**छात्रबृत्तितर्फ** कार्यक्रम कार्यान्बयन पुस्तिका आ.ब.२०७७।०७८ को सि.नं ७.२.१.१ सामुदायीक बिद्यालयका आधारभुत तथा माध्यमिक तहमा अध्ययनरत बिद्यार्थीहरुका लागी बिपन्न लक्षित हुनेगरि गैर आबासीय छात्रबृति कार्यक्रमको गो भौ नं १६०।०७८।३।१८ मा २५ वटा विद्यालयलाई निकासा भएको रकम रु २६५१४०० को छात्रबृति प्राप्त हुने बिद्यार्यीको नाम नामेसि सहितको बिबरण र निकासा रकम पालिकाले भिडान गरी एकिन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११४		२०७८-३-३१	**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७(५) अनुसार पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिन भित्र आफुले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । तर राष्ट्रपति शैशिक सुधार कार्यक्रम अन्तर्गत विभिन्न सामुदायिक विद्यालयहरुलाई प्रति विद्यालय रु.६५०००० का दरले पेश्की भुक्तानी गरिएकोमा पेश्की रकम समयमा नै फर्स्यौट गर्नुपर्ने रु. विद्यालयको नाम / वापत / रकम: श्री जनता आ वि जयपुर / राष्ट्रपति शैशिक सुधार कार्यक्रम / ६५०००० श्री रामजानकी आ वि बगदह / राष्ट्रपति शैशिक सुधार कार्यक्रम / ६५०००० श्री सा प्रा वि सिमराभगवतीपुर / राष्ट्रपति शैशिक सुधार कार्यक्रम / ६५०००० श्री श्रीमती सरस्वतीदेवि कुशवाह सा आ वि रामवन / राष्ट्रपति शैशिक सुधार कार्यक्रम / ६५०००० जम्मा / २६०००००	२,६००,०००
११५			**निःशुल्क पाठ्यपुस्तक** कार्यालयले नगरपालिकामा रहेका २५ वटा सामुदायिक विद्यालयका कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तकबापत गो.भौ.नं. ,१६० मिति ०७८।३।१८ मा एकमुषठ रु ६८९५४१६.८ निकासा गरेको छ । कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।०७८ मा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याकं संकलन गर्ने, एकिन संख्याका आधारमा दोस्रो चौमासिकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था छ । तर कार्यालयले मिति २०७७ मा आफूसंग भएको तथ्याकंको आधारमा यो भौचरबाट १०० प्रतिशत विद्यार्थीलाई नै एकमुष्ठ निकासा दिएको देखिन्छ । अत कुल निकासाको २५ प्रतिशतले हुन आउने रकम एकिन गरी असुल गर्नुपर्ने रु.	१,७२३,८५४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११६			**प्रोत्साहन अनुदान** विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गतका निम्न उपक्रियाकलापहरु संचालनको लागि निम्न विद्यालयलाई निम्न बमोजिम अनुदान रकम निकासा प्रदान गरिएको छ । कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिए बमोजिम प्रस्ताव माग गर्ने, प्रस्तावहरुको मूल्याङ्कन गरी विद्यालय छनौट गर्ने, विगतमा यस प्रकृतिको अनुदान नपाएका विद्यालय यकिन गर्ने, स्थानीय तह र विद्यालयबीच सम्झौता गर्ने लगायतका प्रक्रियाको पालना गरेको पाइएन । यसबाट कार्यसम्पादनमा उत्कृष्ट विद्यालयले अनुदान पाएका छन् भन्न सक्ने आधार भएन । कार्यान्वयन पुस्तिकाको प्रावधान पुरा गर्ने विद्यालयलाई मात्र यस्तो अनुदान दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । <table><tr><td>क्र.सं.</td><td>विद्यालयको नाम</td><td>कार्यक्रम</td><td>अनुदान रकम</td></tr><tr><td>२</td><td>श्री भगवती प्रा वि</td><td>कार्य सम्पादनमा आधारित अनुदान</td><td>५००००</td></tr><tr><td>३</td><td>श्री जनता आ वि जयपुर</td><td>कार्य सम्पादनमा आधारित अनुदान</td><td>५००००</td></tr><tr><td>४</td><td>श्री प्रा वि बकैनिया</td><td>कार्य सम्पादनमा आधारित अनुदान</td><td>५००००</td></tr><tr><td>५</td><td>श्री स ज आ वि बकैनिया</td><td>कार्य सम्पादनमा आधारित अनुदान</td><td>५००००</td></tr><tr><td>६</td><td>श्री नारायण हरि मा वि</td><td>उत्कृष्ट सिकाई अनुदान</td><td>२०००००</td></tr><tr><td colspan="3">जम्मा</td><td>४०००००</td></tr></table>	
११७			**गणित, विज्ञान र अङ्ग्रेजी विषयको लागि Kit अनुदान** स्थानीय तहले विगतमा यस प्रकृतिको अनुदान नपाएका आधारभूत तहका लागि विद्यालयहरु एकिन गरी प्राप्त बजेटको परिधिभित्र रही प्रति विद्यालय रु.५० हजारका दरले विद्यालयलाई अनुदान उपलब्ध गराउने । विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट विकास एवं स्वीकृत भएका गणित, विज्ञान र अङ्ग्रेजी विषयका सामाग्रीहरु व्यवस्था गरी विद्यार्थीहरुको शिक्षण सिकाई क्रियाकलापमा सहजीकरण गर्न रु.५०००० श्री श्रीमती सरस्वती देवि सा आ वि लाई अनुदान निकासा देखिएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम दोहोरो नपर्ने गरी अनुदान वापत उपलब्ध गराएको रकम अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११८			**कक्षा ८ परीक्षा सञ्चालन** सामुदायिक विद्यालयको कक्षा ८ को परीक्ष सञ्चालनका लागि शिक्षा अधिकृत श्री प्रमोद कुमार यादवलाई परीक्षा सञ्चालन गर्न रु.१९६६०० भुक्तानी दिएकोमा सामुदायिक विद्यालयको नतिजा आन्तरिक मुल्याङ्कनको आधारमा गरिएकोले परीक्षा सञ्चालनको लागि खरिद गरिएका सामानको खर्च भएको प्रमाण पेश गर्नुपर्ने रु.	१९६,६००
११९			**वार्षीक एकमुष्ट अनुदान** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको वार्षीक एकमुष्ट अनुदानबाट विधालय सञ्चालन गर्ने कार्यविधि, २०७७ बमोजिम यस पालिका अन्तर्गत २०७७।७८ सम्म शिक्षक दरबन्दी तथा राहत अनुदान प्राप्त नगरेको श्री भगवती प्रा वि ११ लाई रु ४ लाख ६७ हजार पेश्की अनुदान प्रदान गरेकोमा उक्त विधालयले विधालय सुधार योजना अध्यावधिक गरी शैक्षिक उपलब्धी सहितको प्रोफाइल झल्किने प्रगति प्रतिवेदन तयार गरी पालिकामा पेश गर्नुपर्ने रु.	४६७,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२०</td><td></td><td></td><td>

प्रोत्साहन अनुदान

विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गतका निम्न उपक्रियाकलापहरु संचालनको लागि निम्न विद्यालयलाई निम्न बमोजिम अनुदान रकम निकासा प्रदान गरिएको छ । कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिए बमोजिम प्रस्ताव माग गर्ने, प्रस्तावहरुको मूल्याङ्कन गरी विद्यालय छनौट गर्ने, विगतमा यस प्रकृतिको अनुदान नपाएका विद्यालय यकिन गर्ने, स्थानीय तह र विद्यालयबीच सम्झौता गर्ने लगायतका प्रक्रियाको पालना गरेको पाइएन । यसबाट कार्यसम्पादनमा उत्कृष्ट विद्यालयले अनुदान पाएका छन् भन्न सक्ने आधार भएन । कार्यान्वयन पुस्तिकाको प्रावधान पुरा गर्ने विद्यालयलाई मात्र यस्तो अनुदान दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । साथै अनुदान रु. ६९९४०३६ वापत भुक्तानी भएको रकमको कार्य सम्पन्न भएको एकिन गरी प्रतिवेदन लिनुपर्दछ ।

<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>अनुदान रकम</th></tr>
<tr><td rowspan="6">१</td><td></td><td>बालविकास</td><td>३००५८६</td></tr>
<tr><td></td><td>OJT</td><td>२८८००००</td></tr>
<tr><td></td><td>गणित विज्ञान अङ्ग्रेजी अनुदान</td><td>१००८०००</td></tr>
<tr><td></td><td>इन्टरनेट जडान</td><td>८४०००</td></tr>
<tr><td>२५ वटा विद्यालय</td><td>विद्यालय स्वास्थ्य कार्यक्रम</td><td>१६१३२००</td></tr>
<tr><td></td><td>CUG SIM</td><td>१००८२५०</td></tr>
<tr><td>२</td><td>श्री सामाजिक सामुदायिक प्रा वि</td><td>विद्यालय व्यवस्थापन</td><td>१०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६९९४०३६</td></tr>
</table>

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२१			**तलव भुक्तानी** गो भौ नं २३६।०७८।२३।२७ मा श्री नारायणहरि मा.वि ले रु.५७०००० राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम वापत लिएको पेश्की रकम फस्र्योट गर्दा ९ जना शिक्षकलाई कुल ५२३२१५ तलव भत्ता भुक्तानी गरिएको देखियो । उक्त कर्मचारीहरुलाई नियमित तलव भत्ता निकासा भए नभएको एकिन गरी पेश गर्नुपर्ने रु.	५२३,२१५

शिक्षक	रकम
मनोज कुमार राय	६९३००
महादेव भण्डारी	६९३००
उमेश मण्डल	६९३००
राजेश चौधरी	६९३००
प्रभाकर झा	६९३००
विवेक श्रेष्ठ	६९३००
राम विश्वास साह	६९३००
मनोज कुमार मण्डल	३०७९०
गीता देवि	१७३२५
जम्मा	५२३२१५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२२			**सामाहित शिक्षा कार्यक्रमः** पालिकाले श्री वेणी भोला नमुना मा विलाई सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थहरुका लागि छात्रवृति वापत रु.४३२००० र आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान वापत रु.२०१८५० पेश्की भुक्तानी गरेकोमा हालसम्म पनि विद्यालयले पेश्की फस्यौंट नगरेकोले पेश्की समयमा नै फस्यौंट गर्नुपर्ने रु.	६३३,८५०
१२३			**Digital Board and Laptop खरिदः**	
१२३.१			Digital Bord and Laptop खरिदः पालिकाले सामुदायिक विद्यालयहरुकाेा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रमका लागि Computer खरिद गरिएकोमा निम्नानुसार व्यहोरा देखिएका छन्ः	
१२३.२			जिन्सी दाखिलाः पालिकाले सामुदायिक विद्यालयहरुकाेा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रमका लागि Computer तथा डिजिटल बोर्ड खरिद गरिएकोमा सो सामान विद्यालयले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश नभएको रु.	१,९९५,८०६
१२३.३			लागत अनुमानः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पुर्व नियम ११ मा उल्लेख भए अनुसार गत वर्ष यस्तै सामान खरिद गरेको भए त्यसको वास्तविक लागत, स्थानिय वजार दर, अन्य वजारको दर, उद्योग वाणिज्य संघले जारी गरेको दरको आधारमा लागत अनुमान तयार गरी सिलवन्दी दरभाउपत्र वा वोलपत्र वाट सामान खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले कुल बजेट खर्चलाई नै लागत अनुमान बनाएको देखियो । नियमावलीको व्यवस्था अनुसार लागत अनुमान स्वीकृत गराएर मात्र दरभाउपत्र माग गर्नुपर्दछ ।	
१२४			**अग्रिम कर** पालिकाले मिति २०७८/३/३० मा कार्यपालिका सदस्य सुनिला देवीलाई अनुगमन भत्ता बापत रु ४७६०० भुक्तानी गर्दा अग्रिम कर कट्टि गरेको नदेखिएकोले १५ प्रतिशत अग्रिम कर सम्बन्धीत बाट असुल गरी दाखिला गर्नुपर्ने रु	७,१४०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२५			**तलवी प्रतिवेदन** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवि प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ । त्यस्तै दफा ७ ख २ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ । यस वर्ष पालिकाले ६ वटा स्वास्थ्य चौकी र ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रको ४६ जना स्वास्थ्य कर्मचारीहरुको तलव भत्ता खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ ।	
१२६			**जोखिम भत्ता** कोभिड १९ रोकथाम नियन्त्रण तथा व्यवस्थापनका लागि पालिकाले मिति २०७८।१।२१ गतेको निर्णय अनुसार कोभिड १९ को दोस्रो लहरको नियन्त्रण र व्यवस्थापन कार्यमा खटिने कर्मचारीहरुलाई नेपाल सरकार मन्त्रिपरिषदको निर्णय २०७८।१।१९ लाई आधार मानी १५ जना स्वास्थ्य तथा अन्य कर्मचारीहरुलाई शुरु तलव स्केलको ५० प्रतिशतका दरले बैशाख जेठ र असार ३ महिनाको रु.६४६५३० भुक्तानी खर्च लेखेको छ । अत कार्यालयले वास्तविक रुपमा को को कति दिन खटि कार्य गरेको हो एकिन गरेर मात्र खर्च लेख्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२७</td><td></td><td></td><td>स्थानीय भत्ता
कार्यपालिकाको निर्णयको आधारमा स्वास्थ्य तर्फ तलब भत्ता वापत वजेट व्यवस्था भएको रकमबाट प्र□प्र□अ□, ले□पा□ र स्वास्थ्य तर्फका कर्मचारीलाई २५ प्रतिशतका दरले श्रावण देखि असार मसान्त सम्म रु३१५००३ भुक्तानी गरेको देखियो । शर्सतको वजेटबाट स्थानीय भत्ता दिन नमिल्ने तथा स्थानीय भत्ता खर्च लेख्न मिल्ने आधार नदेखिएको रु
<table>
<tr><th>गो.भौ.नं</th><th>कर्मचारी संख्या</th><th>वापत</th><th>रकम</th></tr>
<tr><td>१६।०७८।८।२३</td><td>४ जना</td><td>स्थानीय भत्ता भुक्तानी</td><td>१३६६६९</td></tr>
<tr><td>१८।०७८।८।२३</td><td>४ जना</td><td>स्थानीय भत्ता भुक्तानी</td><td>३४१६८</td></tr>
<tr><td>६२।०७७।१०।२६</td><td>४ जना</td><td>स्थानीय भत्ता भुक्तानी</td><td>३४५१४</td></tr>
<tr><td>७५।०७७।१२।५</td><td>४ जना</td><td>स्थानीय भत्ता भुक्तानी</td><td>३४५१४</td></tr>
<tr><td>१२९।०७८।१।२७</td><td>३ जना</td><td>स्थानीय भत्ता भुक्तानी</td><td>२५०४६</td></tr>
<tr><td>१५५।०७८।३।१६</td><td>३ जना</td><td>स्थानीय भत्ता भुक्तानी</td><td>५००९२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३१५००३</td></tr>
</table></td><td>३१५,००३</td></tr>
<tr><td>१२८</td><td></td><td></td><td>फिल्ड भत्ता
पालिकाले फिल्ड भत्ता भनी स्वास्थ्य शाखाका २८ जना कर्मचारीहरुलाई रु.३१९०६८ भुक्तानी भएको छ । समायोजन ऐन बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई फिल्ड भत्ता भनी भुक्तानी गर्नु स्थानीय सरकार सञ्चालन ऐन २०७४ को स्थानीय सेवाका कर्मचारीको सुविधाको व्यवस्था विपरित रहेको छ । स्थानीय तहमा समायोजन भएका कर्मचारीले फिल्ड भत्ता पाउने आधार पेश गर्नुपर्ने रु.</td><td>३१९,०६८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२९			**लागत अनुमान** सार्वजनिक खरिद नियमावली २०६३ को नियमावली २०६४ को नियम ११ अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पुर्व नियम ११ मा उल्लेख भए अनुसार गत वर्ष यस्तै सामान खरिद गरेको भए त्यसको वास्तविक लागत, स्थानिय वजार दर, अन्य वजारको दर, उद्योग वाणिज्य संघले जारी गरेको दरको आधारमा लागत अनुमान तयार गरी सिलवन्दी दरभाउपत्र वा वोलपत्र वाट सामान खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी ३ वटा फर्मसँग दरभाउपत्र माग गरी तोकिएको सिमा भन्दा बढि हुनेगरी खरिद गरिएको देखियो । नियमावलीको व्यवस्था अनुसार लागत अनुमान स्वीकृत गराएर मात्र दरभाउपत्र माग गरी तथा सिमा भित्र खरिद गर्नुपर्नेमा सो बेगर खरिद गरेको देखिएकोले अनियमित देखिएको रु.	१,३५७,९४९

गो भौ नं	आपूर्तक	वापत	रकम
२७९।०७८।३।३०	मा शैल कम्प्युटर एण्ड इन्टरप्राइजेज	कम्प्युटर अन्य सामाग्री खरिद	४९७०००
२६२।०७८।३।३०	मा शैल कम्प्युटर एण्ड इन्टरप्राइजेज	कम्प्युटर अन्य सामाग्री खरिद	२१८५४४
२३७।०७८।२।२८	एम्विसन इन्टरनेशनल ट्रेडिङ्ग एण्ड सप्लायर्स प्रा लि	कम्प्युटर अन्य सामाग्री खरिद	२९८३२०
६६।०७७।११।२१	एस आर एन ट्रेड सप्लायर्स	ट्याव खरिद	३४४०८५
जम्मा			१३५७९४९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३०			**इन्धन तथा सञ्चार खर्च** स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय सेवाका कर्मचारीहरुको सुविधा सम्बन्धमा प्रदेश सरकारले तवके बमोजिम हुनेछ र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था उल्लेख भएको छ । तर पालिकाले गरिव पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम विविध गणक सुपरिवेक्षक यातायात खर्च र विविध शीर्षकमा आएको रकम खर्च नभए संघीय संचित कोष फिर्ता गर्नुपर्नेमा रकम फ्रिज हुन नदिने उद्देश्यले गो भौ नं २६०।०७८।३।३० मा १४ जना स्वास्थ्य तर्फका कर्मचारी तथा अन्य कर्मचारीहरुलाई कुल रु. २,२६,००० भुक्तानी गरिएको देखियो । कार्यालयको इन्धन कर्मचारी शीर्षकबाट खर्च लेखिएको अवस्थामा पुन इन्धन तथा सञ्चार भनी खर्च लेखिनु आधार पेश गर्ने अन्यथा सम्बन्धीतबाट असुल गर्नुपर्ने रु	२२६,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३१			**भुक्तानीमा कर** आयकर ऐन, २०५८ को दफा ८८ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका पेश्की फर्स्यौट गर्दा अग्रीम कर कट्टी गर्नुपर्नेमा कर कट्टी नभएकोले सो कर रकम दाखिला हुनुपर्ने रु.	१७,३६०

गो भौ नं	व्यक्तिको नाम	कट्टा रकम	नपुग रकम
५२।०७७।१०।१४	बैजु शंकर राउत	०	९१००
२१३।०७८।३।२४	प्रमोद कुमार यादव	०	४१२२
२८०।०७८।३।३१	महेन्द्र प्रसाद कुशवाह	०	४१३८
जम्मा			१७३६०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३२			**अनुगमन** अनुगमनः पालिकाबाट पोषण संवेदनशील कार्यक्रममा विधिन्न प्याकेजहरु बनाई पोषण कार्यक्रम संचलन गरेको छ । पालिकाबाट भएका यस्ता अनुदान तथा खर्चमा नियमित रुपमा अनुगमन गरी पोषण कार्यक्रम प्रभावकारी भए नभएको अध्यावधिक गर्नुपर्दछ ।	

गो भौ नं	कार्यक्रम	वापत	रकम
१६३।०७८।३।१८	पोषण संवेदनशिल कार्यक्रम	चना वितरण	१०००००
१६६।०७८।३।१९	पोषण संवेदनशिल कार्यक्रम	घ्यु वितरण	४९९२००
१८८।०७८।३।२२	पोषण संवेदनशिल कार्यक्रम	तालिम संचालन	३०००००
१८१।०७८।३।२२	पोषण संवेदनशिल कार्यक्रम	कार्यक्रम संचालन	१०१५००
जम्मा			१००७००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३३</td><td></td><td></td><td>नन फाइलर
मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयसंग ठेक्का सम्झौता गरेका देहायका निर्माण व्यवसायीहरुले कर विजक पेश गरी मू अ कर भुक्तानी लिएकोमा लेखापरीक्षणको क्रममा आन्तरिक राजस्व विभागको वेभसाइटमा तपशिलका निर्माण व्यावसायीको प्यान नम्वर सर्च गर्दा लेखापरीक्षण अवधी सम्म सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मासिक कर विवरण समेत नबुझाई ननफाइलर भएको पाइएकोले मु.अ.कर रकम समायोजन गरेको प्रमाण पेश हुानुपर्ने रु...
<table>
<tr><th>गो भौ नं</th><th>आपूर्तक।फर्म</th><th>वापत</th><th>भ्याट रकम</th></tr>
<tr><td>५६।०७७।१०।२२</td><td>शुभ लक्ष्मी स्टेशनरी स्टोर</td><td>कार्यालय सामान खरिद</td><td>५७१०७</td></tr>
<tr><td>६६।०७७।११।२१</td><td>एस आर एन ट्रेड एण्ड सप्लायर्स</td><td>ट्याव खरिद</td><td>३९५८५</td></tr>
<tr><td>१६५।०७८।३।१८</td><td>मा शैल कम्प्युटर एण्ड इन्टरप्राइजेज</td><td>कम्प्युटर खरिद</td><td>१४४६१२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२४१३०४</td></tr>
</table></td><td>२४१,३०४</td></tr>
<tr><td>१३४</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td></tr>
<tr><td>१३४.१</td><td></td><td></td><td>पालिकामा यस बर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कुल रु.६३०००००० बजेट आएकोमा कुल खर्च रु.३४६६५९८ भई रु.२८३३४०४ फिर्ता भएकोमा रहेकोमा व्यहोरा देखिएका छन्ः</td><td></td></tr>
<tr><td>१३४.२</td><td></td><td></td><td>नेपाल सरकारले बेरोजगार सुचिकृत श्रमिकहरुलाई कम्तिमा १०० दिन रोजगार दिने लक्ष्य सहित कार्यान्वयनमा ल्याएको प्रधानमनत्री रोजगरा कार्यक्रममा यस बर्ष कुल रु. ६३०००००० बजेट विनियोजन भएकोमा कुल खर्च रु. ३४६६५९८ भई रु. २८३३४०४ फ्रिज भएको देखिदा जम्मा आर्थिक प्रगति ५५ प्रतिशत मात्र रहेको देखिन्छ । त्यस्तै कुल सुचिकृत संख्या ३३९ रहेकोमा जम्मा ६७ जनाले मात्र रोजगार पाएको छ भने २७२ जनाले रोजगार पाएका छैनन् । सरकारको लक्ष्य अनुसार १०० न्युनतम कार्यदिन हुनुपर्नेमा जम्मा औसत ६९.५ दिन मात्र रहकोले पालिकाले कार्यक्रमको मूल लक्ष्य प्राप्तितर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३४.३			शतप्रतिशत ज्यालाः नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं.PMEP/१९९ मिति २०७७।९।१३ को पत्रको शसर्त अनुदान कार्यान्वयनका शर्तहरुको रकम बाँडफाँडमा शतप्रतिशत रकम ज्यालामा मात्र प्रयोग गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले कार्यक्रमको लागत अनुमान तयार गर्दा Instruments and tools र First aid kit भनी लागत अनुमान तयार गरेको छ । यसरी परिपत्रको विपरित लागत अनुमान तयार गरी विल भुक्तानी हुँदा कार्यालयलाई बढी व्ययभार पर्न गएको रु.	११४,४०३

गो भौ नं	कामको विवरण	Instruments and Tools	First aid kit	जम्मा रकम
२१८	बम नहर पिच देखि हुलाकी सडक पार गर्दै नहर सम्म नहर विकास	९०००	३०००	१२०००
२१७	भुखल पासवान घर देखि स्वास्थ्य भवन जाने बाटो सडक मर्मत तथा ग्राभेल	१४८५२	४९५१	१९८०३
२२१	रामवन अन्तर्गत कुलो पैनी सरसफाई कार्य	२२४७५	७४९२	२९९६७
२३५	कच्ची नाला मर्मत तथता निर्माण उ स	६९००	२३००	९२००
२४९	कुलो पैनी सरसफाई कार्य	४५०७	१५०२	६००९
२५०	अवधेश कुमार यादवको घर नजिक रहेको नहरको लागि बाँध बाँध्ने कार्य	१५९९९	४४२४	१९४२४
२७४	बस्ती भित्रको नाला सरसफाई तथा पानी निकास कार्य	१३५००	४५००	१८०००
जम्मा				११४४०३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३४.४			रामवन अन्तर्गत कुलो पैनी सरसफाई कार्य वापत उपभोक्ता समितिलाई रु.६५०४१८ भुक्तानी भएकोमा लागत अनुमान तयार गर्दा Dressing nicely the speeded to[soils in slope including leveling and light compaction item नराखी रु.७४९१७५.०५को लागत अनुमान तयार गरेको अवस्थामा कार्य सम्पन्न पश्चातको विलमा सोही items समावेश गरी १६०८.७५ घनमिटर प्रति घनमिटर रु.५.७५ का दरले रु.९२५०.३१.२५ भुक्तानी भएकोमा लागत अनुमानमा नभएको items को भुक्तानी गरी बढी व्ययभार पारेको रु.	९,२५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३४.५			कुलो पैनी सरसफाई कार्य वापत उपभोक्ता समितिलाई रु.१३१०७६ भुक्तानी भएकोमा लागत अनुमान तयार गर्दा Dressing nicely the speeded to[soils in slope including leveling and light compaction item नराखी रु.२५०२१८.७५ को लागत अनुमान तयार गरेको अवस्थामा कार्य सम्पन्न पश्चातको विलमा सोही items समावेश गरी ७३५ घनमिटर प्रति घनमिटर रु.५.७५ का दरले रु.४२२६.२५ भुक्तानी भएकोमा लागत अनुमानमा नभएको items को भुक्तानी गरी बढी व्ययभार पारेको रु.	४,२२६
१३४.६			कची नाला मर्मत तथा निर्माण उपभोक्ता समितिलाई कची सडक निर्माण तथा मर्मत गरे वापत रु.२०७३१७ भुक्तानी भएकोमा लागत अनुमान तयार गर्दा Making Sub Grade By Bringing soils and filling including leveling and hauling up to 10 m distance Items नराखी रु.२३०४३१.२५ को लागत अनुमान तयार गरेको अवस्थामा कार्य सम्पन्न पश्चात विलमा सोही items समावेश गरी १४८६.२८ घनमिटरको प्रति घनमिटर रु.६३.२५ का दरले रु.९४००७.२४ भुक्तानी भएकोमा लागत अनुमानमा नभएको items को भुक्तानी गरी बढी व्ययभार पारेको रु.	९४,००७
१३५			**रेडियो कार्यक्रम** पालिकाले गरिवी पहिचान तथा परिचयपत्र वितरण वापत रु.९९४२८ जिंगल बजाए वापतको खर्च भएकोमा रेडियो कार्यक्रमको Hearing Certificate पेश नभएको प्रमाण पेश गर्नुपर्ने रु.	९९,४२८
१३६			**उद्यमशिल कार्यक्रम** पालिकाले उद्यमशिल तालित तथा कार्यक्रमको अनुगमन गरिएको भनी ११ जना पदाधिकारी तथा कर्मचारीहरुलाई अनुगमन भत्ता रु.२६७८५५ भुक्तानी गरिएकोमा भ्रमण आदेश भरेरमात्र खर्च भुक्तानी लिएको छ । यसरी खर्चको औचित्य नखुलाई र मितव्ययीता कायम नगरी खर्च लेख्ने परिपाटीमा सुधार गर्नुपर्दछ । साथै अनुगमन प्रतिवेदन पेश नभएकोले अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.	२६७,८५५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३७</td><td></td><td></td><td>

अग्रिम कर

आयकर ऐन,२०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानीमा(मूल्य अभिवृद्धि करमा दर्ता नभएका) संस्थाहरुले भुक्तानी लिएको रकममा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसार संस्थाहरुले बिजक जारि नगरेको अवस्थामा अग्रिम कर रु. ३०००० कट्टा गरी राजश्व दाखिला गर्नुपर्नेमा सो नगरेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>कार्यक्रम</th><th>रकम</th><th>अग्रिम कर</th></tr>
<tr><td>१३२।०७८।३।७</td><td>उज्यालो भविष्य नेपाल</td><td>एडभान्स सिलाई कटाई तालिम</td><td>२०००००</td><td>३००००</td></tr>
</table>

</td><td>३०,०००</td></tr>
<tr><td>१३८</td><td></td><td></td><td>

बाख्रा तथा भैसी बितरण

पालिकाले यो बर्ष निम्नानुसारका सहकारी समूहलाई बाख्रा तथा भैसी बितरणको लागि अनुदान दिएको छ । उक्त अनुदानबाट बास्तवमा के कती किसानहरु लाभान्वित भए र हाल बितरण गरिएका भैसी तथा बाख्राहरु के कस्तो अवस्थामा छन अनुगमन गरेको पाइएन । सहि किसान छनौट गरी बितरण भए नभएको र बितरित भैसी तथा बाख्राको प्रकार तथा गुणस्तर तोकिए अवस्थाको रहे नरहेको साथै विद्यमान अवस्था समेत खुल्ने गरी प्रतिवेदन र सम्बन्धीत सहकारी संस्थाको लेखापरीक्ष प्रतिवेदन समेत पेश गर्नुपर्ने रु

<table>
<tr><th>गो भौ नं</th><th>विवरण</th><th>वापत</th><th>अनुदान</th><th>रकम</th></tr>
<tr><td>१९९।०७८।३।२२</td><td>साना कृषि सहकारी संस्था लि</td><td>भैसी पालन</td><td>२० प्रतिशत</td><td>१६४७२४४</td></tr>
<tr><td>२००।०७८।३।२३</td><td>शिवशक्ति कृषि सहकारी संस्था लि</td><td>बाख्रा पालन</td><td>२० प्रतिशत</td><td>११५५९७०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२८०३२१४</td></tr>
</table>

</td><td>२,८०३,२१४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३९			**तालिम कार्यक्रम** तालिम कार्यक्रमः पालिकाले क्षमता अभिवृद्धि तथा अन्य कार्यक्रम तथा तालिम सञ्चालन गरेको भनी निम्नानुसारका संस्था तथा व्यक्तिहरुलाई रकम भुक्तानी गरेको देखिन्छ । भौ.नं./मिति: १९३।०७८।३।२२ — चैन किशोर राउत — सिलाई कटाई तथा व्युटी पार्लर तालिम सञ्चालन — ८५८९९० भौ.नं./मिति: १९४।०७८।३।२२ — चुनचुन बाबु ठाकुर — सिलाई कटाई तालिम — २३३४२० ज्मा — १०९२४१० पालिकाले कार्यक्रम तथा तालिम कार्यक्रममा प्रदेश खर्च मापदण्ड बमोजिम प्रशिक्षक भत्ता, सहभागी खाना खाजा तथा यातायात खर्च र मसलन्द आदीमा लागत अनुमान तयार नगर्दा तालिम कार्यक्रम मितव्ययीताको दृष्टिकोणले उचित देखिएन । तसर्थ सार्वजनिक खरिद नियमावली २०६३ को नियम १२ (२) को आधार तथा अनुसूची १ (क) को ढाँचामा लागत अनुमान तयार गरेको समेत नदेखिएकोले खर्च रकम नियमसँगत नदेखिएको रु	१,०९२,४१०
१४०			**सामाजिक सुरक्षा कार्यक्रम** सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ १२ वटा वडाका लागि लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न एक वटा वैंकलाई चौमासिक निकासा गरी तिन चौमासिकको जम्मा रु. १२६९२४००० निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:	
१४१			**सामाजिक सुरक्षा खर्चको समीक्षा** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन ।जसवाट पालिका बाट निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन ।	

Nested table in row १३९:

भौ.नं./मिति	संस्था तथा व्यक्तिको नाम	विवरण	रकम
१९३।०७८।३।२२	चैन किशोर राउत	सिलाई कटाई तथा व्युटी पार्लर तालिम सञ्चालन	८५८९९०
१९४।०७८।३।२२	चुनचुन बाबु ठाकुर	सिलाई कटाई तालिम	२३३४२०
ज्मा			१०९२४१०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४२			**लगत कट्टा** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले आर्थिक वर्ष २०७७।०७८ मा समयमानै लगत कट्टा गरेको देखिएन । लगत कट्टा नगरी लाभग्राहिको खातामा भत्ता निकासा दिदा मृत्यु भएका, बसाइँ सरी गएका, एकल वा विधवा महिलाले विवाह गरेका, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएका, नवीकरण नगरेका, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेका खाता निष्क्रिय भएका वा अयोग्य व्यक्तिको नाममा रकम निकासा भएको छैन भन्न सकिएन ।	
१४३			**निकासा फिर्ता** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २५ मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि – १३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट अनिवार्य रुपमा पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने व्यवस्था छ । नगरपालिकाले सामाजिक सुरक्षा शिर्षकबाट लाभग्राहिको खातामा रकम भुक्तानी गर्न बैंकलाई प्रत्येक वडाको विवरण सहित रु.१२६९२४००० निकासा दिएकोमा वैंकवाट निम्नानुसार रु.२१२०४२० फिर्ता गरेको छ । बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको विस्तृत विवरण पालिकामा पठाएको छैन । पालिकाले बैंकवाट लाभग्राहिको खातामा रकम जम्मा गरेको विस्तृत विवरण (Statement) माग गरी फिर्ता रकम एकिन गर्नुपर्दछ ।	

चौमासिक	बैंक	गएको	खर्च	रकम
प्रथम	सेञ्चुरी बैक	३७५२९११४	३७३१७२६९	२११०४५
दोस्रो	सेञ्चुरी बैक	४४५३१४८८	४३०६४१६६	१४६७३२२
तेस्रो	सेञ्चुरी बैक	४४८६३३९८	४४४२२१४५	४४१२४३
जम्मा		१२६९२४०००	१२४८०३५८०	२१२०४२०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४४			**नियमित अनुगमन** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समितिनै गठन नगरेकोले निदेर्शिका अनुसारको समिति गठन गरि क्रियासिल हुनुपर्ने देखिन्छ ।	
१४५			**वित्तीय अधिकार क्षेत्र** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाको वित्तीय अधिकार अन्तर्गत सम्पती कर, भूमी कर(मालपोत), घर जग्गा वाहाल कर, वहाल विरौटी शुल्क, पार्किङ्ग शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर, सेवा शुल्क सामुदायिक बनबाट प्राप्त आय र अन्य क्षेत्रबाट आयआर्जन गरी आन्तरिक आय आर्जन गर्ने ब्यवस्था छ । पालिकाको आन्तरिक आयको अनुमान र प्राप्तीको अवस्था निम्नानुसार रहेको छ । राजस्व शीर्षक: कुल आन्तरिक आय; अनुमानित आय: ५५००००० ; वास्तविक आय: २२३९२२३ पालिकाले आर्थिक बर्ष २०७७।७८ मा आय अनुमान रु५५००००० गरिएकोमा जम्मा आन्तरिक आम्दानी रु२२३९२२३ आय अनुमानको करिव ४१ प्रतिशत मात्र देखिएको छ । तसर्थ पालिका आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

राजस्व शीर्षक	अनुमानित आय	वास्तविक आय
कुल आन्तरिक आय	५५०००००	२२३९२२३

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४६			**स्रेस्ता तथा अभिलेख** पालिकाले आन्तरिक राजस्व तर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन । स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ती कर लगायतका विभिन्न् शिर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । तोकिएका अभिलेख तथा स्रेस्ता तयार नगर्ने तथा व्यवस्थित नगर्ने कर्मचारीलाई कानून बमोजिम जिम्मेवार बनाइ आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ । • म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता • म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व) • म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शिर्षकगत खाता • म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता • म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता • म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता • म.ले.प.फा.नं. १०८- राजस्व आम्दानी बैंक नगदी किताब	
१४७			**रसिद नियन्त्रण खाता** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ५१ मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने र आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने मालपोत रसिद एवं नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखि रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ । पालिकाले सो अनुसार व्यवस्थित तरिकाले रसिद नियन्त्रण खाता राखेको पाइएन । जसवाट २०७८ आषाढमा कति रसिद वाँकी थिए २०७७।०७८ मा कति छपाई गरियो र सो अनुसार जम्मा रसिद ठेलिमा कुन कुन वडामा कति रसिद उपलव्ध गराईयो र जिन्सिमा कति ठेली बाँकी छन सो एकिन गर्न सक्ने आधार भएन । नगदी रसिद खाता प्रमाणित गरी नराखेको र सामान्य टिपोटमा यो वर्ष विभिन्न वडालाई रसिद वुझाएको उल्लेख गरेको छ। राजश्व असुलीमा प्रयोग हुने नगदी रसिदको नियन्त्रण खाता राखि प्रमाणित गर्ने व्यवस्था कार्यान्वियन गर्नु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४८</td><td></td><td></td><td>वडागत आम्दानी
वडा तथा नगरपालिका आम्दानीः नगरपालिकाले वडाहरुबाट राजस्व संकलन गर्दा पुराना रसिद फिर्ता लिई नयाँ छपाई गरी सिरियल नम्वर लगातार भएका रसिद प्रयोग गराउने र प्रयोग नभएका रसिद आषाढ मसान्तमा फिर्ता लिई खर्च भएका रसिद र सो अनुसारको राजश्व दाखिला सुनिश्चित गरिनुपर्दछ । यो वर्ष कार्यालयबाट प्राप्त विवरण अनुसार वडा तर्फ रु. १०३८७६१ नगरपालिका तर्फ रु. ५८९९८२ गरी जम्मा रु. १६२८७४३ राजश्व असुल गरेको छ । पुराना रसिद प्रयोग स्थिति सहितको अभिलेख नहुदा वडा कार्यालय तथा नगरपालिका कार्यालयमा के कती रसिद प्रयोग भए र के कती बाँकी छन भन्ने व्यहोरा खुल्न सकेन । नगदी रसिद तथा मालपोत रसिद गत बर्ष कति बाँकी थियो र कति प्रयोग गरियो भन्ने व्यहोरा समेत खुल्न सकेन । रसिद प्रयोग र प्राप्त आम्दानी दाखिला भए नभएको सम्बन्धमा अनुगमन गरिएको पनि छैन । तसर्थ आन्तरिक आयको प्राप्ती र बैकं दाखिला सम्बन्धमा लेखापरीक्षणको क्रममा एकिन तथा बिश्लेषण गर्न नसकिएकोले आन्तरिक आयको यथार्थताको लागि एकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४९</td><td></td><td></td><td>नगद दाखिला
आर्थिक कार्यविधि नियमित तथा ब्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोही दिन वा भोलिपल्ट तोकिएको बैंक खातामा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाको देहाय आम्दानी राजश्व खातामा दाखिला गरेको नदेखिएकोले सम्बन्धीतलाई कानून बमोजिम जिम्मेवार बनाई दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>वडा नं.</th><th>वापत</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>७</td><td>नगदी तथा मालपोत</td><td>१५६५२५</td><td rowspan="3"></td></tr>
<tr><td>५</td><td>नगदी तथा मालपोत</td><td>२४५५८८</td></tr>
<tr><td>४</td><td>नगदी तथा मालपोत</td><td>२१९५</td></tr>
<tr><td>२</td><td>नगदी तथा मालपोत</td><td>१९४०५२</td><td>अनिल कुमार गुप्ता रु.१४०८५८, रामप्रित सिंह रु.५२१७९ र किशोरी राय रु.१०१४</td></tr>
<tr><td>११</td><td>नगदी तथा मालपोत</td><td>२१९३२६</td><td>दाखिला भौचर पेश नभएको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८१७६८६</td><td></td></tr>
</table></td><td>८१७,६८६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५०</td><td></td><td></td><td>राजस्व फिर्ता
गोडैता बजार ठेक्का वापत असुल गरिएको राजस्व कोभिड १९ को कारण देखाई निम्न ठेकेदारलई रु.७६४६०राजस्व फिर्ता गरिएकोमा ठेकेदार र कार्यालयवीच भएको सम्झौतामा प्राकृतिक प्रकोषबाट सिर्जीत विसम परिस्थितिमा राजस्व फिर्ता हुने कुरा उल्लेख नभएकोमा कार्यपालिकाले निर्णय गरी राजस्व फिर्ता गरेको छ । कार्यपालिकाले निर्णय गरी राजस्व फिर्ता गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>गो भौ नं</th><th>ठेकेदारको नाम</th><th>वापत</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>२०।०७७।९।१६</td><td>श्री हरि नारायण यादव</td><td>भगवतीपुर बजार ठेक्का</td><td>१२४९८</td><td>का.पा. को निर्णय नं.६ अनुसार</td></tr>
<tr><td>३४।०७७।१२।८</td><td>श्री पप्पु कुमार यादव</td><td>गोडैता न पा ८ को बजार ठेक्का</td><td>६३९६२</td><td>का.पा. को निर्णय नं.९ अनुसार</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७६४६०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१५१</td><td></td><td></td><td>मुल्य अभिबृद्धि कर
मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५(३) मा आय ठेक्कामा मुल्य अभिवृद्धि कर असुली गरी संघीय संचित कोषमा दाखिला हुनुपर्नेमा निम्न आय ठेक्कामा नगरपालिकाले मुल्य अभिवृद्धि कर रकम नउठाएकोमा असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>बजारको नाम</th><th>ठेकेदारको नाम</th><th>किस्ता रकम</th><th>मु.अ.कर रकम</th></tr>
<tr><td>गोडैता बजार</td><td></td><td>३०१०००</td><td>३९१३०</td></tr>
</table></td><td>३९,१३०</td></tr>
<tr><td>१५२</td><td></td><td></td><td>म.ले.प फारम
राजश्व असुल गर्दा रसिद अनुसार असुलि देखिने म.ले.प.फा.न १०२ देखि १०८ सम्मको खाता राखि वैंक दाखिला पश्चात गोश्वारा भौचर उठाई राजश्व असुल गर्नुपर्नेमा रसिद वाट सिधै वैङ्क दाखिला गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको छ । जसवाट दाखिला राजश्व खातामा भिडान गर्न सकिएन । खाता तयार गरी आम्दानी भिडान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५३			**मनोरञ्जन कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।	
१५४			**सवारी कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	
१५५			**व्यवसाय कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।	
१५६			**धरौटी तर्फ**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५६.१			फिर्ताः सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२४ बमोजिम निर्माणब्याबसायिको रिटेन्सन मनि बापत बिलबाट कट्टी गरि राखेको रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण पेश गरेपछि मात्र दिनुपर्नेमा निर्माण ब्याबसायिले कर बिबरण पेश कर सामायोज गरीको पत्र वेगर मागको आधारमा निम्नानुसारको धरौटी फिर्ता गरेको देखिएकोले भुक्तानी भएको मु. अ. कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	४८६,४६५
१५६.२			गत बर्षको मौज्दात रु.१०२८१८६.३ मा यस बर्ष आम्दानी रु.२०४२०३६ भइ कुल रु.३०७०२२२.३ मा रु.१२३६७६५ फिर्ता जनाइ रु.१७३८४५७.३ मौज्दात रहेको आर्थिक बिबरण पेश भएको छ।	

गो भौ नं.	आपूर्तक	वापत	रकम	कैफियत
१३।०७७।७।२७	कमलेश निर्माण सेवा	सोलार बत्ती जडान	१९२८३९	कर चुक्ता प्रमाणपत्र तथा मु.अ.कर समायोजन पत्र पेश नभएको
१९।०७७।९।६	हिना कन्सट्रक्शन	पोल र तार जडान	९३९५५	कर चुक्ता प्रमाणपत्र तथा मु.अ.कर समायोजन पत्र पेश नभएको
३८।०७७।१२।१०	जानकी सप्लायर्स	तार खरिद	१९९६७१	कर चुक्ता प्रमाणपत्र तथा मु.अ.कर समायोजन पत्र पेश नभएको
जम्मा			४८६४६५	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५७</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण
प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ (२) मा अन्तिम लेखापरीक्षण हुदा औंल्याएका वेरुजुहरुको लगत राखी फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले वेरुजु अभिलेख राखेको पाइएन र लेखापरीक्षणको क्रममा कार्यालयले फछ्यौंट गरी निम्नानुसार सम्परीक्षणको लागि रु.२०९४६७६। लेखि आएकाले सम्परीक्षण गरिएको छ ।
<table>
<tr><th>आ.व.</th><th>दफा नं.</th><th>बेरुजुको व्यहोरा</th><th>रकम</th><th>सम्परीक्षणको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२०७६-०७७</td><td>९६</td><td>चना बितरणको भरपाई पेश नभएको</td><td>२१००००</td><td>बितरणको भरपाई राखी फस्छौट गरी पेश भइ सम्परीक्षण</td><td>२१००००</td></tr>
<tr><td>२०७६-०७७</td><td>९७</td><td>ध्यू बितरणको भरपाई पेश नभएको</td><td>२९९६७६</td><td>बितरणको भरपाई राखी फस्छौट गरी पेश भइ सम्परीक्षण</td><td>२९९६७६</td></tr>
<tr><td>२०७६-०७७</td><td>८४</td><td>बृहत पोषण कार्यक्रमको प्रमोद पंडितको पेश्की बाँकी रु.</td><td>१५८५०००</td><td>गो.भौ.नं. ६५० बाट पेश्की फछ्र्योट गरी फाँटवारी पेश भएको आधारमा सम्परीक्षण</td><td>१५८५०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२०९४६७६</td><td></td><td>२०९४६७६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५८</td><td></td><td></td><td>अनुगमन तथा मूल्याङ्कन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छः
<table>
<tr><th>गत वर्षको बेरुजु रकम रु (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C=A-B)</th></tr>
<tr><td>४३८४९०</td><td>२०९५</td><td>४३६३९५</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५९			अद्यावधिक वेरुजू स्थिति नगरपालीकाको आर्थिक वर्ष २०७७/ ७८ सम्मको फछ्र्यौट गर्न बाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छः	

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु (C)	यो वर्षको सं पं बाट कायम वेरुजु (D)	यो वर्षको कायम वेरुजु (E)	बाँकी (F=C+D+E)
४३६३९५	0	१०२१७२	५३८५६७